# मध्यमकालीन खर्च संरचना

## आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ सम्म

बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

२०८३

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ सम्म)

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

२०८३

# मन्तव्य

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गर्ने, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने, सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने औजारको रुपमा रहेको छ। आवधिक योजना तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुले लिएका समष्टिगत विषय, क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। प्रदेश सरकारले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्यरुपमा आगामी आर्थिक वर्षको खर्च अनुमान र त्यस पछिका दुई आर्थिक वर्षको खर्च प्रक्षेपण गरी तीन वर्षको चक्रीय बजेट प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा रहेको छ।

बागमती प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ मा भएको व्यवस्था, आर्थिक कार्यविधि नियमावली, २०७६ मा स्रोत अनुमान समितिले गरेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने व्यवस्था रहेको छ। आर्थिक बर्ष २०८३/८४ को बजेट तयारीको क्रममा प्रदेशका सबै मन्त्रालयहरुमा रहेका योजना महाशाखा तथा मन्त्रालय/निकायगत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आ-आफ्नो मन्त्रालयको आगामी आर्थिक बर्षको आयोजनाहरुको प्राथमिकीकरण, ती आयोजना कार्यान्वयनको नतिजाले प्रदेश आवधिक योजनाको कुन रणनीतिलाई योगदान गर्छ भन्ने सांकेतीकरण, दिगो विकासका लक्ष्यहरु अनुसार सांकेतीकरण, लैङ्गिक उत्तरदायी बजेट अनुसार सांकेतीकरण, जलवायु परिवर्तन सूचक अनुसार सांकेतीकरण गरी मन्त्रालयको निर्णय अनुसार बजेट प्रस्ताव गरिएको छ।

मध्यमकालीन खर्च संरचनामा खर्च प्रक्षेपण गर्दा आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र यसका सूचकहरुलाई आधारको रुपमा लिइएको छ। यस संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा समष्टिगत मध्यमकालीन लक्ष्य निर्धारण गरी खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गर्न सकिने गरी संक्षिप्त तालिका समेत प्रस्तुत गरिएको छ। मध्यमकालीन खर्च संरचनाले राखेको लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्दै लैजानु पर्ने देखिन्छ।

अन्त्यमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न रहनु भएका यस मन्त्रालयका सचिव एवं सम्पूर्ण कर्मचारीहरु लगायत अन्य मन्त्रालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**प्रभात तमाङ्ग**

**२०८३, जेठ** **आर्थिक मामिला तथा योजना मन्त्री**

# विषयसूची


मध्यमकालीन खर्च संरचना ........ iii

१. प्रदेश-सभा सचिवालय ........ १

२. प्रदेश लोक सेवा आयोग ........ ४

३. मुख्य न्यायाधिवक्ताको कार्यालय ........ ६

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ९

५. आर्थिक मामिला तथा योजना मन्त्रालय ........ १२

६. उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय ........ १५

७. कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय ........ २०

८. खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय ........ २८

९. आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय ........ ३३

१०. भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ३७

११. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय ........ ४१

१२. प्रदेश नीति तथा योजना आयोग ........ ५०

१३. अर्थ विविध ........ ५२

१४. निष्कर्षः ........ ५४

अनुसूचीहरु ........ ५५

# बागमती प्रदेश सरकारको
# आर्थिक वर्ष २०८३/८४ देखि २०८५/८६ सम्मको
# मध्यमकालीन खर्च संरचना

**पृष्ठभूमिः**

सुशासन, विकास र समृद्धि हासिल गर्ने नेपालको संविधानले परिकल्पना गरेसँगै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेश **"बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज"** को दीर्घकालीन सोच पूरा गर्ने प्रतिबद्धतातर्फ अग्रसर रहेको छ। प्रदेशको विकासका नतिजा हासिल गर्न सार्वजनिक स्रोत परिचालनलाई कुशल एवं प्रभावकारी व्यवस्थापन गर्नु आवश्यक रहेको छ।

बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएको लक्ष्य अनुसारको आर्थिक वृद्धि हासिल गर्न प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रमहरुको छनौट गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्ने हुन्छ। संघीय सरकारको सोह्रौं योजना र प्रदेशको दोस्रो आवधिक योजनासँग तादाम्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आ.व. २०८३/८४-२०८५/८६) तर्जुमा गरिएको छ। प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा मुलुकको दीर्घकालीन सोच सहितको सोह्रौं योजना र प्रदेशको दोस्रो आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवं हालसम्म भएका उपलब्धि, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई प्रमुख आधारको रुपमा लिइएको छ। तीनै तहका सरकार एवं सबै सरोकारवालासँगको सहकार्य र समन्वयमा विगत दुई आर्थिक बर्ष र चालु आर्थिक वर्षको आर्थिक क्रियाकलापमा आएको सुस्तता आर्थिक वृद्धि दरमा कमी राजस्वको स्रोतमा संकुचन र यसले अर्थतन्त्रमा पारेका असर तथा प्रभाव र यसको पुनरुत्थानमा जोड दिँदै आर्थिक वृद्धिलाई उच्च बनाउने लक्ष्य सहित यो खर्च संरचना तयार गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली २०७६ ले समेत मध्यमकालीन खर्च संरचना अनिवार्य रुपमा तयार गर्नुपर्ने भएकोले पहिलो र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रम/आयोजना समेत समावेश गरी यो मध्यमकालीन खर्च संरचनामा तयार गरिएको छ।

## परिचयः

आवधिक योजनालाई बजेटसँग र बजेटलाई कार्यक्रमसँग जोड्ने औजारलाई मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework (MTEF)) भनिन्छ। यो सीमित स्रोतलाई सरकार संचालन, सेवा प्रवाह र विकास प्रक्रियामा आदर्शतम उपयोग हुने गरी बाँडफाँट गर्ने त्रि-वर्षीय चक्रीय योजना हो। यसले सरकारको नीतिगत प्राथमिकतालाई वार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकतासँग आवद्ध गर्दछ। यो आवधिक विकास योजना, राष्ट्रिय नीति तथा रणनीति एवं क्षेत्रगत योजना र वार्षिक कार्यक्रम बीचको सेतु हो। जसले आवधिक एवं क्षेत्रगत योजनाका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिलाई वार्षिक कार्यक्रममा रुपान्तरण गरी कार्यान्वयनमा लैजान्छ।

यसलाई खर्चको तीन वर्षे प्रक्षेपण गर्ने विधि एवं सरकारी खर्चको अग्रिम योजना पनि भनिन्छ। सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रुपमा रहेको मध्यमकालीन खर्च संरचनाबाट प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन कायम गराउन मद्दत पुग्दछ। यस खर्च संरचनाले उपलब्ध साधन र स्रोतको आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गगत राजस्व, संघीय अनुदान, राजस्व बाँडफाँट र आन्तरिक ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ। यसले सार्वजनिक वित्तको प्राथमिकीकरण, प्रति इकाई लागत अनुमान र खर्च तथा स्रोतको प्रक्षेपण समेत गर्दछ।

## सोचः

- **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेशले लिएको **"बागमती प्रदेशको रुपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज"** सहितको लक्ष्य हासिल गर्ने।

**उद्देश्यहरुः**

- प्रदेशलाई प्रमुख कृषिजन्य वस्तु र औद्योगिक उत्पादनमा स्वनिर्भर बनाउने,
- उच्च तथा दिगो आर्थिक वृद्धि र रोजगारीका अवसरमा व्यापक विस्तार गर्ने,
- आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका जिल्लाहरु तथा मानव विकास सूचकाङ्कमा अति पछाडि परेका गाउँपालिकाहरुको अन्तरनिहीतको आर्थिक उपयोग गर्ने र पूर्वाधार तथा आधारभूत सेवा पुऱ्याउने,
- मानव संशाधन योजनामार्फत भविष्यमा प्रदेशका लागि आवश्यक पर्ने विविध सिप र दक्षता भएका मानव संशाधनको प्रक्षेपण गरी सोहीअनुसार प्राविधिक तथा अन्य जनशक्ति उत्पादन गर्ने शैक्षिक प्रणाली विकास गर्ने,
- गुणस्तरीय स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- मूर्त तथा अमूर्त मौलिक कला, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्धन गर्ने,
- भौतिक पूर्वाधारलाई व्यवस्थित र गुणस्तरीय बनाउने तथा सडकसँग जोडिएका क्षेत्रमा कृषि उत्पादन, फलफूल र तरकारी उत्पादन र उद्योग व्यवसायका कार्यक्रमहरु सञ्चालन गर्ने,
- पहाडी तथा दुर्गम क्षेत्रहरुमा छरिएर रहेका घरपरिवारलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा बसाइँसराइलाई निरुत्साहित गर्ने,
- अतिविपन्न तथा सीमान्तकृत वर्ग र लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षाका लागि सबल आधार तयार गर्ने,
- उपलब्ध साधनस्रोतको निपुणतम उपयोगका लागि सबै सरकारी निकायहरुमा सुशासन अभिवृद्धि गर्ने,
- लैङ्गिक समता र सामाजिक समावेशीकरण तथा दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्ने,
- विकास निर्माणका योजना तर्जुमा गर्दाकै चरणमा विपद् प्रतिकार्य, वातावरण संरक्षण, जलवायु अनुकूलन आदिलाई केन्द्र राख्ने।

**रणनीतिः**

- आर्थिक वृद्धिको लागि उत्पादनमूलक तथा सेवा क्षेत्रहरु जस्तैः कृषि, उद्योग, पर्यटन आदि क्षेत्रमा रुपान्तरणकारी परिवर्तन ल्याउने,

- भौतिक पूर्वाधारको विकास मार्फत उत्पादन वृद्धि तथा आपूर्ति प्रणालीको सुदृढीकरण गर्ने,
- मुलुकलाई आवश्यक दक्ष जनशक्ति तयार गर्न शिक्षा प्रणालीको संरचनामा परिवर्तन गर्ने,
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्ने,
- लक्षित वर्ग, समूह, भूगोल केन्द्रित आर्थिक, सामाजिक सशक्तीकरणका ठोस कार्यक्रमहरु सञ्चालन गर्ने,
- सार्वजनिक निर्माण तथा सेवा प्रवाहमा संस्थागत सुशासन अभिवृद्धि गर्ने,
- अव्यवस्थित सहर र बसोबास व्यवस्थित र उत्थानशील बनाउने,
- विकास अभियानमा विपद् प्रतिकार्य, वातावरणमैत्री, जलवायु अनुकूलनको सुनिश्चितता गर्ने,
- विकास निर्माण तथा सेवा प्रवाहमा सङ्घ, प्रदेश तथा स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने।

**आवश्यकताः**

- योजनालाई बजेटसँग र बजेटलाई कार्यसम्पादनसँग आवद्ध गरी साधनलाई उपलब्धिमूलक बनाउन,
- आयोजनाहरुको प्राथमिकीकरण(P1, P2, P3 ........) गर्न,
- प्राथमिकता प्राप्त आयोजनालाई साधनको सुनिश्चितता गर्न,
- सीमित साधन र असीमित आवश्यकता बीचको खाडल कम गर्न,
- सरकारी खर्च प्रवाहको भविष्यवाणी गर्न,
- खर्चको अग्रिम अनुमान गर्न,
- सरकारका सबै अंगको भूमिका स्पष्ट गर्न,
- बहुवर्षीय ठेक्कालाई सहयोग गर्न,
- सरकारी खर्च व्यवस्थाको कमी कमजोरी हटाउन,
- सरकारको स्रोत साधनलाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई प्राथमिकताको आधारमा बाँडफाँट गर्न,
- सार्वजनिक खर्चमा मितव्ययीता हासिल गर्न।

**कानूनी आधारः**

**(क)** नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तहले सम्बन्धित तहको बजेट बनाउने व्यवस्था रहेको छ। त्यस्तै, धारा ६० मा राजस्व स्रोतको बाँडफाँट अन्तर्गत राजस्व संकलन तथा बाँडफाँट एवम् वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ। धारा २०७ मा राजस्व र व्ययको अनुमानअन्तर्गत प्रदेश सरकारका अर्थमन्त्रीले प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

**(ख)** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोः

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरीने मध्यमकालीन खर्च संरचनामा देहायका विवरण मिलाउनु पर्नेछ -

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

(छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यमकालीन खर्च संरचना आ-आफ्नो प्राथमिकता र आश्यकताका आधारमा तयार गर्न सक्नेछन्।

**(ग)** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा राजस्व र व्ययको अनुमान साथ संलग्न गर्नुपर्ने विवरणको व्यवस्था रहेकोः

(१) नेपाल सरकार तथा प्रदेशले राजस्व र व्ययको अनुमान पेश गर्दा देहायका विवरण संलग्न गर्नुपर्नेछः

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण,

(ख) दफा १७ बमोजिमको मध्यमकालीन खर्च संरचना,

(ग) आगामी तीन आर्थिक वर्षको राजस्व, व्यय र अनुमानको प्रक्षेपण,

(घ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(ङ) वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,

(च) आगामी तीन आर्थिक वर्षको कुल ग्राहस्थ उत्पादनमा हुने वृद्धिदर, मुद्रास्फीति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति,

(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको बैदेशिक सहायता प्राप्तिको विवरण।

(२) नेपाल सरकार तथा प्रदेशले अघिल्लो वर्ष अनुमान गरे अनुसारको राजस्व संकलन हुन नसकेको वा मन्त्रालयलाई छुट्याइएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपाय समेत उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले सो खण्ड बमोजिमको विवरण पेश गर्नुपर्ने छैन।

**(घ)** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद - ३ (राजस्व र व्ययको अनुमान) दफा ५ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ र यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजना मार्गदर्शनको रुपमा लिएर तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, त्यसबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको लागि प्राथमिकीकरण गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरण सम्झनु पर्छ।

(३) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

**(ङ)** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद - ४ (बजेट तथा कार्यक्रम सम्बन्धी व्यवस्था) दफा १९ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः

(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको अनुसूची-१ बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ। योजना तथा कार्यक्रमको प्राथमिकीकरणको आधार मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(२) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

**दिगो विकासका लक्ष्यहरु**

संयुक्त राष्ट्र सङ्घले सहस्राव्दी विकास लक्ष्यका उपलब्धिमा टेकेर विश्वको आर्थिक-सामाजिक विकासको अवस्था र आवश्यकताको लेखाजोखा गरी सन् २०१६ देखि २०३० सम्मको लागि तय गरेका दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals – SDGs) अनुमोदन गर्ने अग्रिणी देश भएकोले नेपालले पनि दिगो विकासका लक्ष्यहरुको मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याएकोछ।उक्त मार्गचित्रमा विश्वव्यापि सूचकहरुको अतिरिक्त नेपाललाई सान्दर्भिक हुने केही थप सूचकहरु समेत रहेका छन्। दिगो विकासका लक्ष्यहरु अन्तर्गत निम्नानुसारका १७ वटा लक्ष्यहरु रहेका छन्:

**(१) गरीबीको अन्त्यः** सबै क्षेत्रबाट सबै प्रकारका विषम गरीबीको अन्त्य गर्ने।

(२) **शून्य भोकमरीः** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने।

(३) **स्वस्थ्य जीवनः** सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने।

(४) **गुणस्तरीय शिक्षाः** समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चत गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने।

(५) **लैङ्गिक समानताः** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने।

(६) **स्वच्छ पानी र सरसफाइः** सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलव्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने।

(७) **आधुनिक ऊर्जामा पहुंचः** किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुंच सुनिश्चित गर्ने।

(८) **समावेशी आर्थिक वृद्धि तथा मर्यादित कामः** भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने।

(९) **उद्योग, नविन खोज र पूर्वाधारः** उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने।

(१०) **असमानता न्यूनिकरणः** मुलुकभित्रको तथा मुलुकहरुबीचको असमानता घटाउने।

(११) **दिगो शहर र वस्तीः** सहर तथा मानव वस्तीहरु समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने।

(१२) **दिगो उपभोग र उत्पादनः** दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने।

(१३) **जलवायु परिवर्तन अनुकुलनः** जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने।

(१४) **सामुद्रिक स्रोतको उपयोगः** दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको संरक्षण र दिगो प्रयोग गर्ने।

(१५) **भूसतह स्रोतको उपयोगः** परिस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापन र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने।

(१६) **शान्ति, न्याय र सबल संस्थाः** दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुंच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने।

(१७) **दिगो विकासका लागि साझेदारीः** दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने।

दिगो विकासका उल्लेखित लक्ष्यहरु धेरैजसो अन्तरसम्बन्धित रहेका छन्। तसर्थ एउटा लक्ष्य हासिल गर्न कार्यान्वयन गरिने क्रियाकलापले अर्को लक्ष्य हासिल गर्न पनि सहयोग पुऱ्याउँछ। दिगो विकासका १७ वटा लक्ष्यहरु प्राप्त गर्ने सन्दर्भमा १६९ वटा परिमाणात्मक लक्ष्य तोकिएका छन् भने उक्त लक्ष्य प्राप्तिलाई मापन गर्ने २३२ वटा सूचक निर्धारण गरिएका छन्।

दिगो विकासका लक्ष्य प्राप्त गर्नु भनेको नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धता पूरा गर्नुका साथै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्नु पनि हो। गरीबी तथा बेरोजगारीको अन्त्य, समावेशी विकास, औद्योगीकरण, उत्पादन र त्यसको समुचित वितरण, विद्युत, खानेपानी तथा सरसफाई, गुणस्तरीय पूर्वाधार, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षा, पोषण, लैङ्गिक समानता, जलवायु परिवर्तन अनुकुलनता, वन, वातावरण तथा जैविक विविधताको संरक्षण, दिगो र संरक्षित मानव वस्ती विकास, शान्ति सुरक्षा तथा मानव अधिकार संरक्षण जस्ता विषयहरुलाई यसका लक्ष्यहरुले समेटको छ। यी लक्ष्य पूरा गर्न संघीय सरकारको अलावा प्रदेश र स्थानीय तहका सरकारको समेत प्राथमिकताका विषय भएकोले राष्ट्रिय लक्ष्यलाई आधार मानेर प्रदेशहरुले पनि दिगो विकासका लक्ष्यसँग सम्बन्धित आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्नु पर्ने हुँदा सोको लागि खर्चको आधारमा व्यवस्थापन/प्रक्षेपण गर्न मध्यमकालीन खर्च संरचना महत्वपूर्ण औजार/संयन्त्रको रुपमा रहने देखिन्छ।

# मन्त्रालयगत/निकायगत

# त्रिवर्षीय खर्च प्रक्षेपण

# १. प्रदेश-सभा सचिवालय

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ। नेपालको संविधानको भाग १४ को धारा १७५ मा प्रदेश व्यवस्थापिकाको व्यवस्था रहेको छ। प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण कार्य गर्नुका अतिरिक्त संविधानको उद्देश्यहरु प्राप्ति तर्फ उन्मुख हुने गर्दछ। ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न बागमती प्रदेश सभाले पारित गरेको प्रदेश सभा नियमावली, २०७४ मा सभामुख र उप-सभामुखको व्यवस्था तथा विभिन्न समितिहरु, संसदीय दलहरु, मुख्य सचेतक, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरुको व्यवस्था गरेको छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यकता पर्ने हुनाले बागमती प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

बागमती प्रदेश सभा सचिवालय बागमती प्रदेश सभाको प्रशासनिक निकाय हो। संविधानको धारा १९५ को उपधारा (२) मा प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहने र सचिवालयको स्थापना र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। प्रदेश सभा सचिवालयको स्थापना तथा सचिवको योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न बागमती प्रदेश सभाले नै संविधानद्वारा प्रदत्त अधिकार बमोजिम प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ जारी गरेको छ। सोही ऐनको अधिनमा रही प्रदेश सभाको काम, कारवाही सुचारु रुपले सञ्चालन गर्न तथा प्रदेश सभाका कर्मचारीहरुको संचालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालय रहेको छ। सचिवालयमा प्रदेश सरकारको स्वीकृत दरबन्दीमा सचिवालय सचिव तथा आवश्यक संख्यामा कर्मचारी तथा मर्यादापालक रहेका हुन्छन्।

**सोचः**

- सुशासन, समावेशिता, उत्तरदायित्व र जनसहभागितामा आधारित सक्षम, प्रभावकारी तथा जनमुखी प्रदेश सभा निर्माण गर्ने।

**लक्ष्यः**

- प्रदेशको लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ गर्दै गुणस्तरीय कानून निर्माण, प्रभावकारी संसदीय निगरानी तथा जनप्रतिनिधिमूलक शासनमार्फत प्रदेशको समुन्नत विकास र नागरिकको जीवनस्तर सुधारमा योगदान पुऱ्याउने।

**उद्देश्यः**

- प्रदेशको आवश्यकता अनुरूप गुणस्तरीय, व्यवहारिक र प्रभावकारी कानून तर्जुमा तथा संशोधन गर्ने,
- संघीयता कार्यान्वयनका लागि आवश्यक कानूनी आधार सुदृढ गर्ने,
- सरकारका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको नियमित अनुगमन र मूल्यांकन गर्ने,
- सार्वजनिक स्रोत तथा साधनको पारदर्शी र उत्तरदायी प्रयोग सुनिश्चित गर्ने,
- नागरिक, सरोकारवाला निकाय तथा विज्ञहरूको सहभागितामा नीति तथा कानून निर्माण प्रक्रिया अघि बढाउने,
- महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व र सहभागिता सुदृढ गर्ने।

**रणनीतिः**

- विषयगत समितिको भूमिका सुदृढ गर्ने,
- कानून निर्माण प्रक्रियामा विज्ञ, सरोकारवाला र नागरिकको सहभागिता सुनिश्चित गर्ने,
- कानूनको प्रभाव मूल्यांकन (Legislative Impact Assessment) प्रणाली लागू गर्ने,
- समिति प्रणालीलाई थप प्रभावकारी बनाउने,
- मन्त्रालय तथा निकायहरूको कार्यसम्पादन मूल्यांकन गर्ने,
- सार्वजनिक लेखा तथा वित्तीय उत्तरदायित्व सम्बन्धी निगरानीलाई व्यवस्थित गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| २०२ प्रदेश व्यवस्थापिका | ३०७१३२ | २७०५० | ० | ३३४१८२ | ३३१७०३ | २९२१४ | ० | ३६०९१७ | ३५८२३९ | ३१५५१ | ० | ३८९७९० |
| २०२००००१ प्रदेश सभा | १२१२३ | ० | ० | १२१२३ | १३०९३ | ० | ० | १३०९३ | १४१४० | ० | ० | १४१४० |
| २०२०००११ प्रदेश सभा | १९५५६५ | ० | ० | १९५५६५ | २११२१० | ० | ० | २११२१० | २२८१०७ | ० | ० | २२८१०७ |
| २०२०००१२ प्रदेश सभा सचिवालय | ९९४४४ | २७०५० | ० | १२६४९४ | १०७४०० | २९२१४ | ० | १३६६१४ | ११५९९१ | ३१५५१ | ० | १४७५४३ |

# २.  प्रदेश लोक सेवा आयोग

**पृष्ठभूमिः**

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रदेश लोक सेवा आयोग रहने ब्यवस्था रहेको छ। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा ब्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भई कार्यान्वयनमा रहेको छ।

बागमती प्रदेश सरकारका निकायहरू, स्थानीय तहहरू, प्रदेश र स्थानीय तह अन्तर्गतका सँगठित संस्थाहरू, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान व्युरोका स्वीकृत दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको पदपूर्ति गर्ने अभिभारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्युरो, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय तहको सँगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रबर्द्धन गर्दै प्रदेश भित्रको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन आवश्यक जनशक्तिको आपूर्ति गर्ने आयोगको जिम्मेवारी रहेको छ।

**सोचः**

- निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्ने।

**उद्देश्यः**

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सँगठित संस्थाको सेवा र अन्य सँगठित संस्थाको सेवाको पदमा स्थायी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्ने।

**लक्ष्य/रणनीतिः**

- प्रदेश लोक सेवा आयोगलाई भौतिक, प्राविधिक तथा मानव स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवाका रिक्त पदहरूमा आयोगका स्थापित मान्यताको अवलम्बन गरी प्रविधि र उचित पद्धतिको प्रयोग गर्दै सार्वजनिक सेवाका लागि आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संसाधन छनोट गरी सिफारिस गर्ने।

**त्रिवर्षीय खर्च विवरण** (रु.हजारमा)

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| २१० प्रदेश लोक सेवा आयोग | ९८७३६ | ४४८८ | ० | १०३२२४ | १०६६३५ | ४८४७ | ० | १११४८२ | ११५१६६ | ५२३४.८ | ० | १२०४०० |
| २१०००००१ प्रदेश लोक सेवा आयोग | ६२०० | ० | ० | ६२०० | ६६९६ | ० | ० | ६६९६ | ७२३२ | ० | ० | ७२३२ |
| २१००००११ प्रदेश लोक सेवा आयोग | ९२५३६ | ४४८८ | ० | ९७०२४ | ९९९३९ | ४८४७ | ० | १०४७८६ | १०७९३४ | ५२३४.८ | ० | ११३१६९ |

# ३. मुख्य न्यायाधिवक्ताको कार्यालय

## पृष्ठभूमीः

नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको कायम गरेको छ। राज्य शक्तिको प्रयोग संविधान र कानून बमोजिम उल्लिखित तीन वटै तहले गर्ने व्यवस्था गरेको छ। वर्तमान संविधानमा संघमा सरकारको प्रमुख कानूनी सल्लाहकारको रुपमा महान्यायाधिवक्ता र महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा प्रदेश सरकारको कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ता रहने प्रावधान रहेको छ। संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ भन्ने संवैधानिक व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने र मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा वहाल रहने र उच्च अदालतको न्यायाधीश हुने योग्यता भएको ब्यक्ति मुख्य न्यायाधिवक्ता पदमा नियुक्तिका लागि योग्य हुने संवैधानिक प्रवन्ध रहेको छ। मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने संवैधानिक ब्यवस्था अनुरुप मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई यस कार्यालयले आफ्नो कार्य सम्पादन निरन्तर रुपमा गर्दै आएको छ।

## उद्देश्य र सोचः

- प्रदेश सरकार, प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई संवैधानिक वा कानूनी विषयमा राय परामर्श माग गरेमा कानूनी राय प्रदान गर्ने,
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षवाट बहश पैरवी गर्ने
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि आवश्यक कार्य गर्ने,

- संवैधानिक एवं कानूनी प्रश्नमा प्रदेश सरकार वा मातहतका निकायका पदाधिकारीले कानूनी राय माग भएमा राय प्रदान गर्ने,
- प्रदेश सरकारको निहित सरोकार रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फवाट बहस प्रतिरक्षा गर्ने,
- महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी थुनामा रहेका कैंदी/बन्दी लाई मानवोचित ब्यवहार भए/नभएको अदालतवाट स्थापित नजीर वा फैसलाको पालना गर्ने गराउने।

**लक्ष्यः**

- संविधान र कानूनी प्रश्नमा सरकारले मागेको राय सल्लाह सुझाव प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको र वागमती प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फवाट बहश पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी मुख्यमन्त्री र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने।

**रणनीतिः**

- संवैधानिक एवं कानूनी प्रश्नमा प्रदेश सरकार वा मातहतका निकायमा पदाधिकारीले कानूनी राय माग भएमा राय प्रदान गर्ने।
- प्रदेश भित्रका सार्वजनिक सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फवाट प्रमाण बहश प्रतिरक्षा गर्ने।
- महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी थुनामा रहेका कैंदी/बन्दी लाई मानवोचित ब्यवहार भए नभएको अदालतवाट स्थापित नजीर वा फैसलाको पालना गर्ने गराउने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | २०६६१ | १०३० | ० | २१६९१ | २२३१४ | १११२ | ० | २३४२६ | २४०९९ | १२०१ | ० | २५३०० |
| २१६०००११ मुख्य न्यायाधिवक्ताको कार्यालय | २०६६१ | १०३० | ० | २१६९१ | २२३१४ | १११२ | ० | १११२ | २४०९९ | १२०१ | ० | २५३०० |

# ४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## पृष्ठभूमिः

प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायको रूपमा रहेको छ। वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान बमोजिम शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई वि.सं २०७४ साल माघ २९ गते बागमती प्रदेश सरकार गठन भएको थियो। राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेशभित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, सुशासन, भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार, प्रदेश तथा स्थानीय तहको कर्मचारी र कार्यालय व्यवस्थापनका साथै प्रदेशका सबै मन्त्रालयहरूको कार्यको नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन लगायत प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० बमोजिम यस कार्यालयको २१ वटा कार्यजिम्मेवारी रहेको छ।

## सोचः

- "मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित समृद्ध प्रदेश"

## ध्येयः

- "प्रशासनमा सुशासन, सेवा प्रवाहमा पारदर्शीता, गतिशीलता, शासन व्यवस्थामा नागरिकको सहभागीता"

## लक्ष्यः

- "डिजिटल रुपान्तरण मार्फत शासकीय सुधार, भष्ट्राचार नियन्त्रण सहित पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी सरकार"

## उद्देश्यहरुः

- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर सरकार समन्वय गरी गुणस्तरिय सेवा प्रवाह गर्ने,
- लैससासका आधारभूत पक्षहरुको प्रभावकारी कार्यान्वयनमा अन्तरमन्त्रालयगत सहकार्य, समन्वय एवम् नियमन गर्ने,

- आधुनिक प्रविधिमा आधारित प्रशासनीक कार्य एवम् सेवा प्रवाहमा आवश्यक चुस्त प्रणालीहरुको स्थापना गर्ने र सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रकृयालाई अपेक्षाकृत बनाउनु,
- प्रदेश सरकारको संस्थागत संरचनागत पूनरावलोकन गरी आवश्यक चुस्त संरचना निर्माण गर्ने।
- भष्ट्राचार नियन्त्रण गर्न प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक कार्यक्रम गरी विधिको शासन सुनिश्चित गर्ने तथा नागरिकका गुनासो व्यवस्थापनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने।

**रणनीतिः**

- प्रदेशको एकल अधिकारमा रहेका विषयहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ,
- सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नतिजामुखी सार्वजनिक प्रशासनलाई शासन प्रणालीको मूल आधारका रूपमा स्थापित गरिनेछ,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई “Center of Excellence” को रुपमा क्रमशः विकास गरिदै लगिनेछ,
- प्रणाली विकासमा in-house, शैक्षिक संस्था (Academia – Government Collaboration) लाई प्राथिमकता दिईनेछ,
- सहकारितामूलक संघीयतालाई प्रवर्धन गर्न प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ,
- प्रदेश सरकारबाट सञ्चालित आयोजनाहरू कार्यान्वयन प्रगतिको निरन्तर रुपमा ट्र्याकिङ र ट्रेसिङ गर्न अनलाइन प्रोजेक्ट मनिटरिङ सिस्टम निर्माण गरी केन्द्रिकृत अनुगमन प्रणालीको विकास गरिनेछ।
- प्रविधिको अधिकतम उपयोग गर्दै नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५९१३०३ | २०५५६ | ० | ६११८५९ | ६३८६०७ | २२२०० | ० | ६६०८०८ | ६८९६९६ | २३९७७ | ० | ७१३६७२ |
| ३०१०००११ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६५१०३ | १५२५६ | ० | ४८०३५९ | ५०२३११ | १६४७६ | ० | ५१८७८८ | ५४२४९६ | १७७९५ | ० | ५६०२९१ |
| ३०१९११२० प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) | १२६२०० | ५३०० | ० | १३१५०० | १३६२९६ | ५७२४ | 0 | १४२०२० | १४७२०० | ६१८२ | 0 | १५३३८२ |

# ५. आर्थिक मामिला तथा योजना मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम मिति २०७४ साल माघ २८ गते आर्थिक मामिला तथा योजना मन्त्रालय गठन भई कार्यारम्भ भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व यस मन्त्रालयमा रहेको छ। यही जिम्मेवारीलाई आत्मसाथ गर्दै हालसम्म ९ (नौ) आर्थिक वर्षको पूर्ण बजेट निर्माण गरिसकेको अवस्था छ।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(३) बमोजिम प्रदेशस्तरको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण तथा वित्तीय व्यवस्थापन लगायतका कार्य गर्ने मुख्य जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको र प्रदेश सरकारको सञ्चित कोषको सञ्चालन गर्ने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। मन्त्रालयलाई तोकिएका देहाय अनुसारका कार्य जिम्मेवारी पूरा गर्न निम्नानुसारका दिर्घकालीन सोच, उद्देश्य, रणनीतिक लक्ष्य र सँगठनात्मक स्वरूप तय गरिएको छ।

**सोचः**

- प्रादेशिक वित्त नीतिको प्रभावकारी कार्यान्वयन मार्फत दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि हासिल गर्दै समग्र अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने।

**उद्देश्यः**

- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक तथा पूर्वाधार विकास गर्ने।

**रणनीतिक लक्ष्यहरूः**

**(क) समष्टिगत लक्ष्यः**

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण गरी वित्त नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।

**(ख) कार्यनीतिक लक्ष्यहरूः**

- प्रदेश सञ्चित कोषको पारदर्शी, मितव्ययी, न्यायोचित एवं प्रभावकारी सञ्चालन मार्फत सुव्यवस्थित एवं अनुशासित आर्थिक प्रशासन प्रणाली विकासका लागि सार्वजनिक खर्च सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयन गर्ने।,
- आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्न राजस्वको स्रोत पहिचान एवं दायरा विस्तार गरी राजस्व चुहावट नियन्त्रण प्रणालीको विकास गर्ने,
- वार्षिक विकास कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली संस्थागत गर्ने,
- संघीय सरकारको स्वीकृतिमा वैदेशिक स्रोतको परिचालन र लेखाङ्कन गर्ने,
- संघीय सरकारसँग सुमधुर वित्तीय सम्बन्ध कायम राख्दै आवश्यक सहकार्य तथा समन्वय गर्ने,
- प्रदेशको समग्र विकासको लागि सरकारी-निजी-सहकारी क्षेत्र बीचको सह-सम्बन्ध, समन्वय र सहकार्य अभिवृद्धि गर्न अनुकुल वातावरण सिर्जना गर्ने,
- प्रदेशस्तरका वित्तीय तथा सार्वजनिक संस्थाहरूको सञ्चालन एवं नियमन मार्फत सबल वित्तीय प्रणालीको विकास गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | १७३०८१ | ९५६६ | ० | १८२६४७ | १८६९२७ | १०३३१ | ० | १९७२५९ | २०१८८२ | ११११५८ | ० | २१३०३९ |
| ३०५०००११ आर्थिक मामिला तथा योजना मन्त्रालय | ९३०८१ | ४२०६ | ० | ९७२८७ | १००५२७ | ४५४२ | ० | ४५४२ | १०८५७० | ४९०६ | ० | ११३४७६ |
| ३०५०१०११ प्रदेश लेखा नियन्त्रक कार्यालय | ८०००० | ५३६० | ० | ८५३६० | ८६४०० | ५७८९ | ० | ५७८९ | ९३३१२ | ६२५२ | ० | ९९५६४ |

## त्रिवर्षीय राजस्व तथा आय प्रक्षेपणः

(रु. हजारमा)

| शिर्षक | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
|---|---|---|---|
| कर राजस्व | ३०१५०६६८ | ३२५६२७२१ | ३५१६७७३९ |
| अन्तरसरकारी वित्तीय हस्तान्तरण | १५३१४८०० | १६५३९९८४ | १७८६३१८३ |
| अन्य राजस्व | ७७३९९१२ | ८३५९१०५ | ९०२७८३३ |
| संचित कोषको बचत | १२६१३४५३ | १३६२२५२९ | १४७१२३३२ |
| विविध प्राप्ति | १५४५०० | १६६८६० | १८०२०९ |
| अन्य संस्थाबाट ऋण लगानी फिर्ता | ९६०००० | १०३६८०० | १११९७४४ |

# ६. उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ बमोजिम गठित प्रदेश कार्यपालिका अन्तर्गत बागमती प्रदेश सरकारको प्रशासनिक तथा संगठनात्मक संरचनालाई थप सुदृढ, मितव्ययी र कार्यदक्ष बनाउने उद्देश्यले साविकका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई एकापसमा गाभी एकीकृत रूपमा यस **उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय**को स्थापना भएको हो। बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावलीको परिमार्जित व्यवस्था बमोजिम यस मन्त्रालयलाई प्रदेशको आर्थिक, सांस्कृतिक र भौतिक पूर्वाधारजन्य विकाससँग जोडिएका बहुआयामिक कार्यजिम्मेवारीहरू सुम्पिएको छ। मुलुकको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य तथा श्रम बजारको भूमिका निर्णायक हुने तथ्यलाई आत्मसात् गर्दै मन्त्रालयले उद्योगहरूको प्रवर्द्धन र नियमन, औद्योगिक पूर्वाधार विकास, उद्यमशीलताको विस्तार, व्यापारिक प्रतिस्पर्धाको सुनिश्चितता, श्रम सम्बन्धमा सुधार, न्यायिक निरूपण, औद्योगिक विवाद समाधान, कार्यस्थल सुरक्षा तथा श्रमिकहरूको सामाजिक सुरक्षा र रोजगार प्रवर्द्धन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ।

साथै, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनको दृष्टिकोणले देशकै अग्रणी क्षेत्र एवं विदेशी पर्यटकहरूको प्रवेशद्वारको रूपमा रहेको बागमती प्रदेशको पर्यटकीय होटल, रिसोर्ट, ट्राभल तथा ट्रेकिङ एजेन्सीहरूको दर्ता, अनुमति र नियमनका लागि काठमाडौं र सौराहास्थित पर्यटन कार्यालयहरू तथा पूर्वाधार विकासका लागि पर्यटन विकास आयोजनाहरू मार्फत मन्त्रालय क्रियाशील रहेको छ। यसका अतिरिक्त, 'बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' को मर्म अनुरूप तामाङ र नेपाल भाषालाई शासकीय व्यवहारमा पूर्ण क्षमताका साथ लागू गर्न डिजिटल प्लेटफर्मको विकास गर्नुका साथै सार्वजनिक सञ्चारमा मञ्जुश्री संवत् र नेपाल संवत् समेत उल्लेख गर्ने नीतिगत व्यवस्था मार्फत प्रादेशिक भाषा, लिपि, संस्कृति र धर्मको संरक्षणलाई मन्त्रालयले विशेष प्राथमिकतामा राखेको छ।

प्रदेशस्तरको यातायात क्षेत्रलाई व्यवस्थित, सुरक्षित र आधुनिक बनाउन यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा, सवारी दर्ता, नवीकरण, सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि अनलाइन सेवा तथा विद्युतीय प्रणालीको सुदृढीकरण एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन र नियमन गर्ने कार्य यस मन्त्रालयको क्षेत्राधिकार भित्र पर्दछन्। यसरी संविधानको अनुसूची ६ तथा कार्यविस्तृतीकरण प्रतिवेदनले निर्दिष्ट गरेबमोजिमका

नवप्रवर्तनकारी आर्थिक र पूर्वाधारजन्य जिम्मेवारीहरूलाई आत्मसात् गर्दै, अन्तर-सरकारी समन्वय मार्फत रोजगारी सिर्जना, आयात प्रतिस्थापन, दिगो पर्यटन विकास, सुरक्षित यातायात सेवा र गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गरी प्रदेशमा समग्र आर्थिक समृद्धि र सुशासन कायम गर्नु यस मन्त्रालयको मुख्य ध्येय रहेको छ।

**सोचः**

- औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि,
- "स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित दिगो पर्यटनको विकासमार्फत समृद्ध बागमती प्रदेश"
- "बागमती प्रदेश समृद्धिको आधारः सुरक्षित र भरपर्दो यातायात, सीप र श्रमको समुचित उपयोगबाट उत्पादकत्व अभिवृद्धि गर्दै सिर्जित रोजगार"

**लक्ष्यः**

- औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा कृषिको औद्योगीकरण, औद्योगिक रोजगारीको सिर्जना, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमा सहयोग पुगी समृद्धिको आधार तयार भएको हुने।
- औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने।
- प्रदेशको मौलिक संस्कृति, सम्पदा र पर्यटकीय स्रोतहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने।
- पर्यटकमैत्री पूर्वाधार निर्माण गर्दै बागमती प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटनको प्रमुख गन्तव्य बनाउने।
- सुरक्षित यातायात प्रणालीको विकास र उत्पादनमुलक रोजगारीका अवसरहरू सिर्जना गर्ने।

उद्देश्य:

(क) उद्योग

- उद्योग तथा सेवा व्यवसायको विस्तार गरी प्रदेशको सामाजिक आर्थिक रुपान्तरणमा योगदान पुऱ्याउनु,
- प्रादेशिक बजार केन्द्रहरुको सुव्यवस्था मार्फत अत्यावश्यक वस्तुहरुको आन्तरिक आपूर्ति प्रणालीलाई सुदृढ बनाई स्वच्छ र स्वस्थ उपभोग्य वस्तुहरु उपलब्ध गराउनु,
- स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सिपमा आधारित वस्तुको उत्पादन र निकासी प्रवर्द्धन गर्नु,
- उपलब्ध स्रोत, सीप र क्षमतामा आधारित उद्योगहरुको प्रवर्द्धनद्वारा प्रादेशिक गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनु,
- प्रदेश भित्रको स्थानीय श्रोतको दिगो सदुपयोगबाट औद्योगिक वातावरण श्रृजना गरी उत्पादन र रोजगारी वृद्धि गर्ने,
- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने,

(ख) पर्यटन

- प्रदेशको मौलिक संस्कृति, सम्पदा र पर्यटकीय स्रोतहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने,
- समुदाय-आधारित, समावेशी र वातावरणमैत्री पर्यटन विकास गर्दै रोजगारी र आयआर्जनमा योगदान पुऱ्याउने,
- पर्यटकमैत्री पूर्वाधार निर्माण गर्दै बागमती प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटनको प्रमुख गन्तव्य बनाउने।

(ग) श्रम तथा यातायात

- श्रम बजारको बेरोजगारी तथा अर्ध बेरोजगारी न्यूनीकरण गर्न स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्नु,
- व्यवसायिक सीपमूलक तालिमका अवसरहरू वृद्धि गर्दै प्रतिस्पर्धी श्रमशक्तिको विकास गर्नु
- सार्वजनिक तथा निजी सवारी साधनहरूको अभिलेख व्यवस्थापन र सवारी सम्बन्धी सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गर्दै सेवाग्राही मैत्री बनाउने,
- सार्वजनिक यातायातका विद्युतीय भुक्तानी प्रणाली लागू गर्नुका साथै सवारी कर तथा दस्तुर अनलाइन प्रणालीमा भुक्तान गर्न सक्ने गरी प्रणाली विकास गर्ने।

- सवारी चालक अनुमतिपत्र परीक्षा, नवीकरण जस्ता कार्य प्रणालीलाई सुधार गर्दै छिटो छरितो रूपमा सेवा प्राप्त गर्ने गरी स्वचालित प्रणाली लागू गर्ने।

**रणनीति**

**(क) उद्योगः**

- औद्योगिक लगानीको निम्ति अनुकूल वातावरण तयार गर्ने,
- स्थानीय स्रोत साधन, परम्परागत सिप र प्रविधिमा आधारित लघु उद्यम घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने,
- उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने,
- समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने।

**(ख) पर्यटनः**

- पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य र साझेदारी गर्ने,
- नयाँ पर्यटन गन्तव्यहरुको पहिचान र विकास गर्ने र विद्यमान पर्यटकीय गन्तव्यलाई उच्च मूल्यको पर्यटनमा रुपान्तरण गर्ने,
- पुरातात्विक एवम् मौलिक सम्पदा जातीय संस्कृति र गुठीहरुको संरक्षण, संवर्द्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने,
- भाषा, साहित्य र कलाको संरक्षण र विकास गर्ने,
- विभिन्न भाषा, भाषिका, लिपिको पहिचान गरी तिनीहरुको संरक्षण एवम् उत्थान गर्ने।

**ग) श्रम तथा यातायातः**

- श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापनाका लागि कानुनी तथा आर्थिक आधार तयार गर्ने।
- सवारी साधन सम्बन्धी र सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाहलाई स्वचालित प्रणालीमा रूपान्तरण गर्ने साथै सवारी कर तथा दस्तुर अनलाइन प्रणालीमा भुक्तान गर्न सक्ने गरी प्रणाली विकास गर्ने।
- सार्वजनिक सवारी भाडा भुक्तानी र सवारी कर तथा दस्तुर भुक्तानीमा E-Payment लागू गर्ने।
- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा प्रणाली व्यवस्थित गर्न Trial Center Automation गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३०७ उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय | १५४२१७० | ३८३३४०४ | ० | ५३७५५७४ | १६६५५४३.६ | ४१४००७६.३२ | ० | ५८०५६२० | १७९८७८७ | ४४७१२८२ | ० | ६२७००७० |
| ३०७००११४ पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | २१९२६० | ३५११५९८ | ० | ३७३०८५८ | २३६८००.८ | ३७९२५२५.८४ | ० | ४०२९३२७ | २५५७४५ | ४०९५९२८ | ० | ४३५१६७३ |
| ३०७००१२१ भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | ५०५५० | ० | ० | ५०५५० | ५४५९४ | ० | ० | ५४५९४ | ५८९६२ | ० | ० | ५८९६२ |
| ३०७०७०११ उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय | १५६३८९ | १४८९१२ | ० | ३०५३०१ | १६८९००.१२ | १६०८२४.९६ | ० | ३२९७२५ | १८२४१२ | १७३६९१ | ० | ३५६१०३ |
| ३०७०८०११ उद्योग, वाणिज्य तथा पर्यटन कार्यालयहरु | ५५५१०२ | ७९५५३ | ० | ६३४६५५ | ५९९५१०.१६ | ८५९१७.२४ | ० | ६८५४२७ | ६४७४७१ | ९२७९१ | ० | ७४०२६२ |
| ३०७०९०११ प्रदेश पर्यटन कार्यालय | ५९५६३ | २६७५ | ० | ६२२३८ | ६४३२८.०४ | २८८९ | ० | ६७२१७ | ६९४७४ | ३१२० | ० | ७२५९४ |
| ३०७१००११ यातायात व्यवस्था कार्यालयहरु | ४९५७३३ | ९०६६६ | ० | ५८६३९९ | ५३५३९१.६४ | ९७९१९.२८ | ० | ६३३३११ | ५७८२२३ | १०५७५३ | ० | ६८३९७६ |
| ३०७९१०११ रोजगार प्रवर्द्धन कार्यक्रम (संघ सशर्त अनुदान) | ५५७३ | ० | ० | ५५७३ | ६०१८.८४ | ० | ० | ६०१९ | ६५०० | ० | ० | ६५०० |

# ७. कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको संघीय शासन प्रणाली अन्तर्गतको बागमती प्रदेश सरकारको प्रशासनिक तथा संगठनात्मक संरचनालाई थप सुदृढ बनाउने उद्देश्यले साविकका कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई एकापसमा गाभी एकीकृत रूपमा यस **कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय**को स्थापना भएको हो। बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावलीको परिमार्जित व्यवस्था र कार्यविस्तृतीकरण प्रतिवेदनको मर्म अनुरूप यस मन्त्रालयलाई प्रदेशको नवप्रवर्तनकारी आर्थिक आधार, जैविक विविधता एवं पारिस्थितिकीय प्रणाली को दिगो व्यवस्थापनसँग जोडिएका बहुआयामिक कार्यजिम्मेवारीहरू सुम्पिएको छ। मुलुकको समष्टिगत आर्थिक विकास, खाद्य तथा पोषण सुरक्षा र पर्यावरण संरक्षणमा कृषि, पशुपन्छी तथा वन क्षेत्रको भूमिका निर्णायक हुने तथ्यलाई आत्मसात् गर्दै मन्त्रालयले कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि, व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन, बजार पूर्वाधार विकास, जलवायु परिवर्तन अनुकूलन र प्राकृतिक स्रोतको दिगो उपयोगका क्षेत्रमा नीतिगत, कानूनी र संरचनागत सुधारका कार्यहरू अघि बढाइरहेको छ।

बागमती प्रदेश भौगोलिक, जलवायु र जैविक विविधताका दृष्टिकोणले अत्यन्त उर्वर तथा विशिष्ट रहेको सन्दर्भमा मन्त्रालयले परम्परागत निर्वाहमुखी कृषिलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन तर्फ मार्गप्रशस्त गरेको छ। यसका लागि उच्च मूल्ययुक्त बाली तथा पशुजन्य उत्पादनका विशिष्टीकृत पकेट क्षेत्र विकास, शितभण्डार तथा कृषि प्रशोधन केन्द्रहरूको स्थापना, उत्पादनमा आधारित प्रोत्साहन अनुदान र व्यावसायिक कृषकहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू प्रदेशभर सञ्चालन गरिएका छन्। अर्कोतर्फ, प्रदेशको कुल भू-भागको ठूलो हिस्सा ओगटेको वन क्षेत्रको दिगो व्यवस्थापन, वैज्ञानिक वन पैदावार उपयोग, जडीबुटी खेतीको व्यावसायीकरण र पर्या-पर्यटनको विकासमार्फत समग्र वन क्षेत्र व्यवस्थापनको लागि मन्त्रालय पूर्ण प्रतिबद्ध रहेको छ। सामुदायिक, कबुलियती र साझेदारी वनहरूको संस्थागत सबलीकरण गर्दै जलाधार संरक्षण, नदी नियन्त्रण र जैविक मार्गहरूको सुरक्षा मार्फत वातावरणीय सन्तुलन कायम राख्ने कामलाई उच्च प्राथमिकतामा राखिएको छ।

वर्तमान समयमा तीव्र शहरीकरण र औद्योगिक विस्तारका कारण सिर्जित वातावरणीय चुनौतीहरू र जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापनका प्रादेशिक मापदण्ड निर्धारण र हरित विकास (Green Development) का रणनीतिहरू यस मन्त्रालयको मुख्य कार्यक्षेत्र भित्र पर्दछन्। कृषि, पशुपालन र वन क्षेत्रको अन्तरसम्बन्धलाई सुदृढ गर्दै एकीकृत जलाधार व्यवस्थापन र वन-कृषि (Agro-forestry) प्रणालीको माध्यमबाट रोजगारीका नवीन अवसरहरू सिर्जना गर्न मन्त्रालय क्रियाशील छ। अतः, उपलब्ध भूमि, जल, वन र जैविक स्रोतहरूको विवेकपूर्ण एवं समतामूलक उपयोग सुनिश्चित गर्दै, स्थानीय र सङ्घीय सरकारसँगको सुमधुर समन्वयमार्फत गरिबी न्यूनीकरण, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र भावी पुस्ताका लागि स्वच्छ पर्यावरणको प्रत्याभूति दिई बागमती प्रदेशमा समष्टिगत आर्थिक समृद्धि र प्रशासनिक सुशासन कायम गर्नु नै यस मन्त्रालयको मुख्य ध्येय रहेको छ।

**सोचः**

- "आधुनिक कृषि, दिगो वन व्यवस्थापन र स्वच्छ पर्यावरणः समृद्ध र आत्मनिर्भर बागमती प्रदेश।"
- दिगो खाद्य तथा पोषण सुरक्षा।
- वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण।

**लक्ष्यः**

- कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी प्रदेशका नागरिकको खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्यपालनलाई व्यावसायिक बनाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- वन, जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापन मार्फत वन पैदावारको उत्पादन वृद्धि र परिस्थितिकीय सेवा प्रबाहलाई अक्षुण्ण राख्दै सन्तुलित वातावरण कायम गर्ने।

**उद्देश्यः**

**(क) कृषि तथा पशुपंक्षी**

- परम्परागत कृषिलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गरी कृषि तथा पशुजन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने।
- कृषकहरूका लागि गुणस्तरीय बीउबिजन, नश्ल सुधार, मलखाद र प्राविधिक सेवाको उपलब्धता र पहुँच सहज बनाउने।
- कृषियोग्य भूमिको उपयोग बढाउने।

**(ख) वन तथा वातावरण**

- वन क्षेत्रको वैज्ञानिक र दिगो व्यवस्थापन गरी काठ, दाउरा र गैर-काठ वन पैदावारमा आत्मनिर्भर बन्ने तथा वनजन्य उद्यम प्रवर्द्धन गर्ने।
- दिगो वन व्यवस्थापनद्धारा वन पैदावारको उत्पादन वृद्धि तथा व्यावसायीकरण गर्नुका साथै भू दृश्य (ल्याण्डस्केप) को व्यवस्थापन गरी वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु,
- एकीकृत जलाधार व्यवस्थापन मार्फत नदी-नाला, माटो र अन्य प्राकृतिक संरचनाहरुको संरक्षण गरी स्वस्थ्य र सन्तुलित वातावरण कायम राखी पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण्ण राख्नु,

**रणनीति:**

**(क) कृषि तथा पशुपंक्षी**

- भौगोलिक अनुकूलताका आधारमा उच्च मूल्ययुक्त बाली र पशुपालनका लागि विशिष्टीकृत पकेट तथा ब्लक क्षेत्र विकास गर्ने।
- उन्नत एवं जलवायु-उत्थानशील बीउबिजन र मलको समयमै आपूर्ति सुनिश्चित गर्ने तथा पशुपन्छीको व्यावसायिक नश्ल सुधार कार्यक्रम चलाउने।
- उत्पादित उपजको भण्डारण र बजारीकरण सहज बनाउन सार्वजनिक-निजी साझेदारीमा शीतभण्डार र सङ्कलन केन्द्रहरू निर्माण गर्ने।
- बाँझो जमिनको उपयोग तथा कृषि भूमिको संरक्षणका लागि नीतिगत व्यवस्था गर्ने,
- कृषि पशुपन्छी र मत्स्य उत्पादन प्रवर्द्धन गर्ने,
- कृषक अभिलेख तयार गरी पहिचानको व्यवस्था गर्ने,

**(ख) वन तथा वातावरण**

- वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने,
- चुरे अतिक्रमण र वन्यजन्तु चोरी शिकारी जस्ता गैह्र कानूनी र वातावरण विनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषिवनजस्ता वैकल्पिक जीवनयापनका उपायहरुको प्रबर्धन गर्ने,
- सामुदायिक र साझेदारी वन कार्ययोजना परिमार्जन गरी काठ, दाउरा र पैदावारको आपूर्ति तथा वितरण प्रणालीलाई सरल र पारदर्शी बनाउने।
- विकास आयोजनाहरूलाई वातावरणमैत्री बनाउन वातावरणीय परीक्षण (IEE/EIA) को स्वीकृति र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।

- बाँझो जग्गामा काठ तथा जडीबुटीजन्य बिरुवा रोप्ने वन-कृषि प्रणालीलाई प्रोत्साहन गर्ने र वन्यजन्तुको वासस्थान एवं पर्या-प्रणाली संरक्षण गर्ने।
- कीटनाशक विषादी र रसायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टामा स्थानीय सामाग्रीबाट उत्पादित वातावरणमैत्री झोला उपयोगमा ल्याउने,
- प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा आबद्ध गर्ने।
- पानीका मुहान संरक्षण र भू-क्षय रोक्न चुरे तथा मध्यपहाडी क्षेत्रमा एकीकृत जलाधार कार्यक्रम सञ्चालन गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८५) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | ३४६४३२० | ३२५३४०४ | ० | ६७१७७२४ | ३७४१४६६ | ३५१३६७६ | ० | ७२५५१४२ | ४०४०७८३ | ३७९४७७० | ० | ७८३५५५३ |
| ३१२०००१४ कृषि तथा पशुपन्छी तालिम केन्द्र, भण्डारा | ५९०८५ | ५२६० | ० | ६४३४५ | ६३८११.८ | ५६८१ | ० | ६९४९३ | ६८९१७ | ६१३५ | ० | ७५०५२ |
| ३१२०००१५ प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | ३२२०२ | ९३० | ० | ३३१३२ | ३४७७८.१६ | १००४ | ० | ३५७८३ | ३७५६० | १०८५ | ० | ३८६४५ |
| ३१२०००२६ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | १४४३९३ | २५०२१० | ० | ३९४६०३ | १५५९४४.४ | २७०२२७ | ० | ४२६१७१ | १६८४२० | २९१८४५ | ० | ४६०२६५ |
| ३१२०१०११ कृषि विकास निर्देशनालय | २२८५८३ | २५६० | ० | २३११४३ | २४६८६९.६ | २७६५ | ० | २४९६३४ | २६६६१९ | २९८६ | ० | २६९६०५ |
| ३१२०१०१५ पुष्प विकास केन्द्र | ४२७१२ | ४६२० | ० | ४७३३२ | ४६१२८.९६ | ४९९० | ० | ५१११९ | ४९८१९ | ५३८९ | ० | ५५२०८ |
| ३१२०१०२० माटो तथा मल परिक्षण प्रयोगशाला | १८८१२ | ० | ० | १८८१२ | २०३१६.९६ | ० | ० | २०३१७ | २१९४२ | ० | ० | २१९४२ |
| ३१२०१०२२ बाली संरक्षण प्रयोगशाला | ३१४७३ | ५५०० | ० | ३६९७३ | ३३९९०.८४ | ५९४० | ० | ३९९३१ | ३६७१० | ६४१५ | ० | ४३१२५ |
| ३१२०१०२६ बागवानी विकास केन्द्रहरु | ९९५८६ | ७२१०० | ० | १७१६८६ | १०७५५२.९ | ७७८६८ | ० | १८५४२१ | ११६१५७ | ८४०९७ | ० | २००२५५ |
| ३१२०१०२७ व्यावसायिक किट विकास केन्द्रहरु | ३८६१५ | ३९८० | ० | ४२५९५ | ४१७०४.२ | ४२९८ | ० | ४६००३ | ४५०४१ | ४६४२ | ० | ४९६८३ |
| ३१२०१०२८ मौरीपालन विकास केन्द्र | २०६९३ | १४०० | ० | २२०९३ | २२३४८.४४ | १५१२ | ० | २३८६० | २४१३६ | १६३३ | ० | २५७६९ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८५) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२०१०२९ कृषि विकास कार्यालयहरु | ३१०१६१ | १५३१५ | ० | ३२५४७६ | ३३४९७३.९ | १६५४० | ० | ३५१५१४ | ३६१७७२ | १७८६३ | ० | ३७९६३५ |
| ३१२०२०११ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | १५७७७३ | ३२५३५ | ० | १९०३०८ | १७०३९४.८ | ३५१३८ | ० | २०५५३३ | १८४०२६ | ३७९४९ | ० | २२१९७५ |
| ३१२०२०१३ बाखा तथा मत्स्य विकास केन्द्र, चित्लाङ्ग | ४५७३२ | २०३५ | ० | ४७७६७ | ४९३९०.५६ | २१९८ | ० | ५१५८८ | ५३३४२ | २३७४ | ० | ५५७१५ |
| ३१२०२०१४ मत्स्य विकास केन्द्रहरु | २३८५५ | २०६४० | ० | ४४४९५ | २५७६३.४ | २२२९१ | ० | ४८०५५ | २७८२४ | २४०७४ | ० | ५१८९९ |
| ३१२०२०१६ पशु सेवा कार्यालयहरु | २६३८०४ | ७२७५ | ० | २७१०७९ | २८४९०८.३ | ७८५७ | ० | २९२७६५ | ३०७७०१ | ८४८६ | ० | ३१६१८७ |
| ३१२०६०११ कृषि तथा पशुपन्छी विकास कार्यालयहरु | २०४३३० | ८५९३ | ० | २१२९२३ | २२०६७६.४ | ९२८० | ० | २२९९५७ | २३८३३१ | १००२३ | ० | २४८३५३ |
| ३१२१००११ वन निर्देशनालय | २९८७४ | १२८५० | ० | ४२७२४ | ३२२६३.९२ | १३८७८ | ० | ४६१४२ | ३४८४५ | १४९८८ | ० | ४९८३३ |
| ३१२११०११ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ३४९९५ | ४६५४ | ० | ३९६४९ | ३७७९४.६ | ५०२६ | ० | ४२८२१ | ४०८१८ | ५४२८ | ० | ४६२४७ |
| ३१२१२०११ डिभिजन वन कार्यालयहरु | ८६८२२० | २८९०९३ | ० | ११५७३१३ | ९३७६७७.६ | ३१२२२० | ० | १२४९८९८ | १०१२६९२ | ३३७१९८ | ० | १३४९८९० |
| ३१२१३०११ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ७८६२२ | २०७९४५४ | ० | २१५८०७६ | ८४९११.७६ | २२४५८१० | ० | २३३०७२२ | ९१७०५ | २४२५४७५ | ० | २५१७१८० |
| ३१२१४०११ वातावरण संरक्षण तथा व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८५) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| कार्यालयहरु | | | | | | | | | | | | |
| ३१२९१०११ वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) (संघ सशर्त अनुदान) | २९४०० | ० | ० | २९४०० | ३१७५२ | ० | ० | ३१७५२ | ३४२९२ | ० | ० | ३४२९२ |
| ३१२९१०१२ जलवायु उत्थानशिल चुरे कार्यक्रम (संघ शसर्त अनुदान) | ६०० | १८५०० | ० | १९१०० | ६४८ | १९९८० | ० | २०६२८ | ७०० | २१५७८ | ० | २२२७८ |
| ३१२९१०१३ डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | ५४५०० | ० | ० | ५४५०० | ५८८६० | ० | ० | ५८८६० | ६३५६९ | ० | ० | ६३५६९ |
| ३१२९१०१४ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ३५५०० | ३४३०० | ० | ६९८०० | ३८३४० | ३७०४४ | ० | ७५३८४ | ४१४०७ | ४०००८ | ० | ८१४१५ |
| ३१२९१०१५ जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ७७८०० | ० | ७७८०० | ० | ८४०२४ | ० | ८४०२४ | ० | ९०७४६ | ० | ९०७४६ |
| ३१२९१०१६ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ७४१०० | २२३३०० | ० | २९७४०० | ८००२८ | २४११६४ | ० | ३२११९२ | ८६४३० | २६०४५७ | ० | ३४६८८७ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८५) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१२९१०१७ जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ० | २५५०० | ० | २५५०० | ० | २७५४० | ० | २७५४० | ० | २९७४३ | ० | २९७४३ |
| ३१२९१०१८ वातावरण विभाग(संघ शसर्त अनुदान) | २५०० | १९५०० | ० | २२००० | २७०० | २१०६० | ० | २३७६० | २९१६ | २२७४५ | ० | २५६६१ |
| ३१२९११२१ राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम (संघ शसर्त अनुदान) | १२९०० | ० | ० | १२९०० | १३९३२ | ० | ० | १३९३२ | १५०४७ | ० | ० | १५०४७ |
| ३१२९११२२ कृषि विभाग(संघ शसर्त अनुदान) | ११६४०० | ० | ० | ११६४०० | १२५७१२ | ० | ० | १२५७१२ | १३५७६९ | ० | ० | १३५७६९ |
| ३१२९११२३ पशु सेवा विभाग(संघ शसर्त अनुदान) | ३०९२०० | ० | ० | ३०९२०० | ३३३९३६ | ० | ० | ३३३९३६ | ३६०६५१ | ० | ० | ३६०६५१ |
| ३१२९११२४ पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना(संघ शसर्त अनुदान) | ६३७०० | ३५५०० | ० | ९९२०० | ६८७९६ | ३८३४० | ० | १०७१३६ | ७४३०० | ४१४०७ | ० | ११५७०७ |
| ३१२९११२६ सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (संघ शसर्त अनुदान) | ३२००० | ० | ० | ३२००० | ३४५६० | ० | ० | ३४५६० | ३७३२५ | ० | ० | ३७३२५ |

# ८. खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय

## पृष्ठभूमी

नेपालको संविधान बमोजिम देशमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार रहेको छ। संविधान प्रदत्त अधिकार तथा स्वीकृत कार्य विभाजन नियमावली अनुसार तिनवटै सरकारहरुबाट गरिने कार्य विभाजन गरिएको छ। प्रदेश सरकार कार्य सञ्चालन विभाजन नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु वमोजिम बागमती प्रदेशका तेह्र वटै जिल्लाहरुमा खानेपानी, ऊर्जा तथा सिँचाइका क्षेत्रमा विभिन्न कार्यहरु सम्पादन गर्दै आईरहेको छ। खानेपानी योजना निर्माण (ग्राभिटी, पम्पिङ, खानेपानी गुणस्तर सुधार), ढल निकाससँग सम्बन्धित आयोजनाहरु, सिँचाइ आयोजनाहरु निर्माण, भूमीगत जलश्रोत, नदि नियन्त्रण (तटबन्ध), नवीकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धि कार्यहरु, वैकल्पिक ऊर्जा प्रवर्द्धनका क्षेत्रमा अध्ययन, अनुसन्धान, योजना तर्जुमा, स्वीकृती तथा मातहतका कार्यालयहरुबाट योजना निर्माण, सञ्चालन र मर्मत सम्भार लगायतका कार्यहरु यस मन्त्रालयले सम्पादन गरिरहेको छ।

**सोचः**

- स्वच्छ, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सेवा।
- दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान।
- जलविद्युत, नवीकरणीय ऊर्जा र जलश्रोतको दिगो र भरपर्दो विकास मार्फत प्रदेशको समृद्धिमा योगदान।

**उद्देश्यः**

- प्रदेश भित्र बसोबास गर्ने नागरिकलाई आधारभूत खानेपानी सेवा पर्याप्त तथा सर्वसुलभरुपमा उपलब्ध गराउने र मध्यम तथा उच्च गुणस्तरको खानेपानी सुविधाको पहुँच विस्तार गर्ने,
- प्रदेश भित्रका सम्पूर्ण घरधुरीमा आधारभूत सरसफाई सुविधाको प्रत्याभूत गर्दै पुर्ण सरसफाई तर्फ उन्मुख गर्ने,
- जलवायु प्रभाव लगायतका कारण सुख्खाग्रस्त बन्दै गैरहेका स्थानहरुमा भूमिगत पानी पुनर्भरण, जलाधार क्षेत्र तथा मुहान संरक्षण गरी पानीको श्रोतको दिर्घकालीन व्यवस्थापन गर्ने,
- मध्यमस्तरका सिँचाइ आयोजनाको विकास गरी कृषियोग्य भूमिमा बर्षैभरि भरपर्दो रुपमा सिँचाइ सुविधा उपलब्ध गराउने,

- परम्परागत र जिर्ण सिंचाइ पूर्वाधारहरुको मर्मत सम्भार, सुधार तथा पुनर्स्थापना गरी सिँचित कृषि क्षेत्रको संरक्षण तथा विस्तार गर्ने,
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक सामाजिक क्षति तथा जोखिम न्यूनीकरण गर्ने,
- ऊर्जा दक्षता सहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रुपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- नवीकरणीय तथा वैकल्पिक ऊर्जाको माध्यमबाट ग्रामीण तथा राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा विद्युतीकरण र उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने।

**रणनीतिः**

- आधारभूत खानेपानी सुविधा नपुगेका र सुख्खाग्रस्त क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखी लिफ्टिङ्ग तथा पम्पिङ्ग प्रविधिमा आधारित खानेपानी आयोजनाहरु सञ्चालन गर्ने,
- मध्यम तथा उच्चस्तर खानेपानी सेवा विस्तारको लागि खानेपानी गुणस्तर सुधार आयोजनाहरुलाई प्राथमिकता दिई शहर र शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने,
- स्थानीय तह तथा खानेपानी बोर्ड लगायतका निकायहरुसँगको सहकार्यमा सहलगानी खानेपानी आयोजना सञ्चालन गर्ने,
- खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने,
- प्रदेशका सबै घरधुरीमा शौचालय निर्माण, सतही ढल तथा ढल प्रशोधन प्रणालीको विकास गरी वातावरणीय स्वच्छता कायम गराउने,
- संघीय विभाग तथा स्थानीय तहसँग सहकार्य र समन्वय गरी पालिका तथा प्रदेश स्तरीय WASH Plan तयार गर्ने,
- खानेपानी तथा सिँचाई प्रणालीको व्यवस्थापनको लागि जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने,
- सिँचाई विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरि सिँचाइ योजनाहरुको विकास एवं विस्तार गर्ने,
- संघ र स्थानीय तहसँग समन्वय र सहकार्यमा सिँचाई प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराउन मझौला, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ प्रणालीको विकास गर्ने,

- प्रदेशस्तरका विद्युत आयोजनाहरुको विकास, अनुगमन तथा नियमन लगायत समग्र व्यवस्थापनको लागि प्रदेश ऊर्जा रणनीति तथा कार्ययोजना ल्याईने,
- संघीय सरकारसँगको सहकार्य र समन्वयमा "पूर्ण उज्यालो बागमती प्रदेश कार्यक्रम" मार्फत विद्युतको पहुँच नपुगेको क्षेत्रमा ग्रामीण विद्युतीकरण, सोलार मिनी ग्रीड वा अन्य वैकल्पिक ऊर्जाको प्रयोग गरी सबै घरधुरीमा स्वच्छ ऊर्जा पुऱ्याईने,
- नवीकरणीय तथा वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग मार्फत ऊर्जा खपत विस्तार गरी पेट्रोलियम पदार्थ र एल.पि. ग्याँसको प्रयोगलाई विस्थापन गर्ने।

**त्रिवर्षीय खर्च विवरण**

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१३ खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ४५१४१६ | ८४५४७६९ | ० | ८९०६१८५ | ४८७५२९ | ९१३११५१ | ० | ९६१८६८० | ५२६५३२ | ९८६१६४३ | ० | १०३८८१७४ |
| ३१३०००११ खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय | ४९६४७ | २६३० | ० | ५२२७७ | ५३६१९ | २८४०.४ | ० | ५६४५९ | ५७९०८ | ३०६८ | ० | ६०९७६ |
| ३१३०१०११ जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | १२९८५० | ३०८१८३८ | ० | ३२११६८८ | १४०२३८ | ३३२८३८५ | ० | ३४६८६२३ | १५१४५७ | ३५९४६५६ | ० | ३७४६११३ |
| ३१३०१०१२ भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | १४५०० | १८७५०० | ० | २०२००० | १५६६० | २०२५०० | ० | २१८१६० | १६९१३ | २१८७०० | ० | २३५६१३ |
| ३१३०२०११ खानेपानी तथा सरसफाई डिभिजन कार्यलयहरू | १६३८६० | ३०२४८४१ | ० | ३१८८७०१ | १७६९६९ | ३२६६८२८ | ० | ३४४३७९७ | १९११२६ | ३५२८१७५ | ० | ३७१९३०१ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१३०३०११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३१३०४०११ प्रादेशिक ऊर्जा तथा जलस्रोत विकास समन्वय कार्यालय | ३४९५९ | ३७९२६० | ० | ४१४२१९ | ३७७५६ | ४०९६०१ | ० | ४४७३५७ | ४०७७६ | ४४२३६९ | ० | ४८३१४५ |
| ३१३०५०११ जलस्रोत तथा खानेपानी विकास डिभिजनहरु | ४१७०० | ६५१००० | ० | ६९२७०० | ४५०३६ | ७०३०८० | ० | ७४८११६ | ४८६३९ | ७५९३२६ | ० | ८०७९६५ |
| ३१३९११२१ मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | ० | ४६०००० | ० | ४६०००० | ० | ४९६८०० | ० | ४९६८०० | ० | ५३६५४४ | ० | ५३६५४४ |
| ३१३९११२५ केन्द्रिय खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | ३५०० | ० | ३५०० | ० | ३७८० | ० | ३७८० | ० | ४०८२ | ० | ४०८२ |
| ३१३९११३० खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम(संघ शसर्त अनुदान) | १९०० | २९१०० | ० | ३१००० | २०५२ | ३१४२८ | ० | ३३४८० | २२१६ | ३३९४२ | ० | ३६१५८ |
| ३१३९११३२ जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | १३८००० | ० | १३८००० | ० | १४९०४० | ० | १४९०४० | ० | १६०९६३ | ० | १६०९६३ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१३९११३३ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम(संघ शसर्त अनुदान) | ० | २५०० | ० | २५०० | ० | २७०० | ० | २७०० | ० | २९१६ | ० | २९१६ |
| ३१३९११३८ सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (संघ सशर्त अनुदान) | १५००० | ३११६०० | ० | ३२६६०० | १६२०० | ३३६५२८ | ० | ३५२७२८ | १७४९६ | ३६३४५० | ० | ३८०९४६ |
| ३१३९११३९ जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना (संघ सशर्त अनुदान) | ० | १८३००० | ० | १८३००० | ० | १९७६४० | ० | १९७६४० | ० | २१३४५१ | ० | २१३४५१ |

# ९. आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानको भाग १३ बमोजिम गठित प्रदेश कार्यपालिका अन्तर्गत बागमती प्रदेश सरकारको प्रशासनिक तथा संगठनात्मक संरचनालाई थप सुदृढ, मितव्ययी र कार्यदक्ष बनाउने उद्देश्यले साविकका आन्तरिक मामिला तथा कानून मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहकारी क्षेत्रलाई एकापसमा गाभी एकीकृत रूपमा **आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय**को स्थापना भएको हो। प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गरी समग्र देशको शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने, नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधनलगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने तथा तीन-खम्बे अर्थनीति अन्तर्गतको सहकारी क्षेत्रको विकास र व्यवस्थापनमा सहयोग पुऱ्याउने यस मन्त्रालयको महत्वपुर्ण कार्यजिम्मेवारी रहेको छ। सोही तथ्यलाई आत्मसात् गर्दै मन्त्रालयले प्रादेशिक शान्ति सुरक्षा, प्रहरी प्रशासन, कानून निर्माण, न्याय सम्पादनमा सहजीकरण, सूचना तथा सञ्चार प्रविधि, विपद् जोखिम न्यूनीकरण र सहकारी क्षेत्रको सबलीकरणका क्षेत्रमा नीतिगत, कानूनी र संरचनागत सुधारका कार्यहरू अघि बढाइरहेको छ।

बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली, २०८० बमोजिमको जिम्मेवारी मध्ये शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सूचना तथा सञ्चार, प्रदेशस्तरका कानून, प्रदेशसभा मामिला सम्बन्धी कार्यक्षेत्र प्रमुख कार्यक्षेत्रको रुपमा रहेको पाईन्छ। प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन/व्यवस्था सञ्चालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउनु आन्तरिक मामिला तथा कानून मन्त्रालयको मूल जिम्मेवारी रहेको छ।

अर्कोतर्फ, प्रदेशको आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण खम्बाका रूपमा रहेको सहकारी क्षेत्रको गुणात्मक विकास, सुदृढीकरण र नियमन यस मन्त्रालयको कार्यक्षेत्र भित्र थपिएको एक महत्त्वपूर्ण आयाम हो। प्रदेशभर छरिएर रहेका बचत तथा ऋण र उत्पादनशील सहकारी संस्थाहरूको दर्ता,

अनुमति, नवीकरण र वित्तीय अनुशासन कायम गर्न मन्त्रालयले विशेष जोड दिएको छ। सहकारी क्षेत्रमा देखिने वित्तीय जोखिम र विचलनलाई न्यूनीकरण गर्न सुशासनका मापदण्ड लागू गर्ने र प्रविधिमा आधारित अनुगमन प्रणालीको विकास गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ। अतः, आन्तरिक शान्ति र कानूनी सुशासनको सुदृढ जगमा सहकारी क्षेत्रलाई उत्पादनमुखी र सुरक्षित बनाई स्थानीय, प्रादेशिक र सङ्घीय सरकारसँगको समन्वयमार्फत प्रदेशमा समग्र नागरिक सुरक्षा, आर्थिक सुशासन र दिगो समृद्धि कायम गर्नु नै यस मन्त्रालयको मुख्य ध्येय रहेको छ।

**सोचः**

- नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवं प्रविधिमैत्री प्रदेश
- सहकारीमूलक अर्थतन्त्रसहितको समावेशी र समृद्ध बागमती प्रदेश

**लक्ष्यः**

- जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था र विधिको शासन कायम गरी नागरिकको जीउधनको रक्षा गर्ने।
- सहकारी क्षेत्रको सुदृढीकरण गरी वित्तीय अनुशासन र सुशासन कायम गर्दै उत्पादन, रोजगारी र उद्यमशीलताको मुख्य संवाहक बनाउने।
- बित्तीय र व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरुको नियमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाई वचतकर्ताको निक्षेपलाई सुरक्षित गरिने,

**उद्देश्यः**

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्वर्द्धन गर्ने।

- विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापना प्रणालीलाई प्रविधिमैत्री र द्रुत बनाउने।
- आम सञ्चार र सूचना प्रविधिको प्रवर्द्धन गरी सरकारी सेवा प्रवाहलाई डिजिटल, पारदर्शी र नागरिकमैत्री बनाउने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।
- सहकारी संस्थाहरूको दर्ता, नवीकरण र वित्तीय कारोबारमा अनुशासन कायम गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने तथा बचतकर्ताको निक्षेप सुरक्षा सुनिश्चित गर्ने।
- सहकारीको बचत तथा ऋणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न प्रोत्साहन र सहजीकरण गर्ने।

**रणनीतिः**

- आन्तरिक शान्ति-सुरक्षा, विधिको शासन र आम नागरिकको जीउधनको रक्षा गर्ने
- प्रादेशिक शान्ति-सुरक्षा व्यवस्थालाई आधुनिक, प्रविधिमैत्री र सुदृढ बनाउने
- प्रदेश सरकारलाई आवश्यक पर्ने ऐन, नियमावली र कार्यविधिको मस्यौदा तयारी तथा विधायन प्रक्रियाको सहजीकरण गर्ने।
- प्रदेशस्तरका सञ्चार माध्यमहरूको सबलीकरण गरी सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।
- बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्हरूको पूर्वतयारी, खोज, उद्धार, राहत र पुनरुथापनाका लागि प्रादेशिक विपद् व्यवस्थापन कोष तथा द्रुत प्रतिकार्य संयन्त्रलाई क्रियाशील बनाउने
- प्रदेश सहकारी नीति तर्जुमा गरी वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरुको अध्ययन, विश्लेषण र वर्गीकरण गर्नुका साथै बचतकर्ताहरुको बचत तथा लगानी संरक्षणमा जोड दिइनेछ,
- सहकारी संस्थाहरुको सम्पूर्ण अभिलेख सुरक्षित र व्यवस्थित राख्न अभिलेखहरुको डिजिटाइजेसन गरिनेछ,
- उत्पादनमूलक सहकारी, संघ/संस्थाहरुको प्रभावकारी उत्पादन, प्रशोधन र बजारीकरणको लागि प्रविधि, मेशिनरी उपकरण तथा सीप हस्तान्तरण मार्फत प्रोत्साहन गरिनेछ,

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३१४ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ४६३८४५ | २६३९१२ | ० | ७२७७५७ | ५००९५३ | २८५०२५ | ० | ७८५९७८ | ५४१०२९ | ३०७८२७ | ० | ८४८८५६ |
| ३१४०००१३ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ३४४९०१ | २२७८५० | ० | ५७२७५१ | ३७२४९३ | २४६०७८ | ० | ६१८५७१ | ४०२२९३ | २६५७६४ | ० | ६६८०५७ |
| ३१४०१०११ सञ्चार रजिष्ट्रारको कार्यालय | २४०१० | ५०० | ० | २४५१० | २५९३१ | ५४० | ० | २६४७१ | २८००५ | ५८३ | ० | २८५८८ |
| ३१४०२०११ सहकारी तालिम केन्द्र | २६२३० | २५००० | ० | ५१२३० | २८३२८ | २७००० | ० | ५५३२८ | ३०५९५ | २९१६० | ० | ५९७५५ |
| ३१४०३०११ प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय | ३७६५६ | ८५६२ | ० | ४६२१८ | ४०६६८ | ९२४७ | ० | ४९९१५ | ४३९२२ | ९९८७ | ० | ५३९०९ |
| ३१४०४०११ बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय | ३१०४८ | २००० | ० | ३३०४८ | ३३५३२ | २१६० | ० | ३५६९२ | ३६२१४ | २३३३ | ० | ३८५४७ |
| ३१४ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ४६३८४५ | २६३९१२ | ० | ७२७७५७ | ५००९५३ | २८५०२५ | ० | ७८५९७८ | ५४१०२९ | ३०७८२७ | ० | ८४८८५६ |

# १०. भौतिक पूर्वाधार विकास मन्त्रालय

**पृष्ठभुमिः**

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम प्रदेशको एकल तथा साझा अधिकार, राष्ट्रिय तथा प्रादेशिक आवधिक लक्ष्य, दिगो विकासका लक्ष्य आदि पुरा गर्न प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा तोकिएको कार्य जिम्मेवारीहरु पुरा गर्दै बागमती प्रदेशका १३ जिल्लाहरुमा सडक, भवन, आवास तथा शहरी पूर्वाधार निर्माण, विकास तथा मर्मत सम्भार गर्ने नीति, कानून, मापदण्ड, गुरुयोजना, कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी अनुगमन, मुल्यांकन तथा विविध अध्ययन अनुसन्धान लगायतका कार्यसम्पादन यस मन्त्रालय तथा मातहत निकायहरुबाट भईरहेको छ ।

भौगोलिक विविधता र तीव्र शहरीकरणको चाप रहेको बागमती प्रदेशमा यातायात सञ्जालको सुदृढीकरण, सुरक्षित आवासको प्रत्याभूति र आधुनिक शहरी पूर्वाधारको निर्माण गर्नु यस मन्त्रालयको मुख्य कार्यक्षेत्र हो। मन्त्रालय मातहत रहेको यातायात पूर्वाधार निर्देशनालयहरू, पूर्वाधार विकास कार्यालयहरू र सहरी तथा भवन विकास कार्यालयहरू मार्फत सडक तथा पुल पूर्वाधार निर्माण र मर्मत सम्भारका कार्यहरू परिणाममुखी र गुणस्तरीय बनाउन प्राविधिक एवं प्रशासनिक सुशासन सुनिश्चित गरिएको छ। उपलब्ध साधन स्रोतको कुशल विनियोजन, आधुनिक प्रविधिको उपयोग र सार्वजनिक खरिद प्रणालीमा पारदर्शिता कायम गर्दै स्थानीय तथा सङ्घीय सरकारसँगको समन्वयमार्फत समुन्नत, सुरक्षित र सुव्यवस्थित भौतिक पूर्वाधारको सञ्जाल निर्माण गरी बागमती प्रदेशमा दिगो आर्थिक समृद्धि हासिल गर्नु नै यस मन्त्रालयको मुख्य ध्येय रहेको छ।

**सोचः**

- "दिगो, सुरक्षित र गुणस्तरीय भौतिक पूर्वाधारमार्फत समृद्ध र सुखी बागमती प्रदेश"

**लक्ष्यः**

- गुणस्तरीय एवम् सुरक्षित पूर्वाधारहरुको निर्माण गरी प्रदेशका नागरिकहरुलाई सर्वसुलभ सुविधायुक्त व्यवस्थित र पहिचानयुक्त बस्ती विकास गर्ने र सुरक्षित तथा भरपर्दो सडक संजाल एवं यातायात पूर्वाधारको विकास गर्ने।

**उद्देश्यः**

- प्रदेश लोकमार्ग र प्रदेशमार्गहरूको निर्माण तथा स्तरोन्नती मार्फत सामाजिक आर्थिक विकासमा सुधार गर्ने।
- बागमती प्रदेश भित्रका सबै ११९ वटा स्थानीय तहका केन्द्रसम्म सर्वयाम पक्की सडक पहुँच पुऱ्याउने।

- प्रादेशिक गौरवका आयोजना, रणनीतिक सडक र मुख्य पुलहरूको निर्माण तथा स्तरोन्नति गरी बाह्रै महिना सञ्चालन हुने यातायात प्रणालीको विकास गर्ने।
- पूर्वाधार निर्माणमा आधुनिक प्रविधिको प्रयोग, गुणस्तर कायम र इन्जिनियरिङ मापदण्डको पूर्ण पालना सुनिश्चित गर्ने।
- सडक करिडोरमा उद्यमशिलता विकास, प्रदेश लोकमार्ग र प्रदेश मार्गमा पर्ने उदयमान शहरको विकास, जग्गा विकास कार्यक्रम, धार्मिक तथा पर्यटकिय सर्किट आदि मार्फत प्रदेशको आर्थिक र सामाजिक/सांस्कृतिक विकास गर्ने।
- जनता आवास, चेपाङ, बोटे, माझी, थामी, जिरेल, सुरेल, पहरी, वनकरिया लगायत विपन्न तथा सिमान्तकृत लक्षित सुरक्षित आवास निर्माण गर्ने।

**रणनीतिः**

- भूगोल, जनसंख्या, पहुँचको सघनता तथा आर्थिक क्षमताका आधारमा दिगो तथा गुणस्तरीय सडक पूर्वाधारको विकास, विस्तार तथा सम्भार गर्दै कुल यातायात खर्चमा न्यूनीकरण गर्दै वातावरण मैत्री दिगो विकासमा जोड दिने,
- राष्ट्रिय राजमार्ग सम्मको पँहुचमार्ग र स्थानीय तहको केन्द्र सम्मको पहुँच सहितको सन्तुलित सडक सञ्जालको विकास गर्ने,
- यातायात क्षेत्रमा सडक पूर्वाधारप्रतिको अधिक निर्भरता कम गर्न दिगो, मितव्ययी तथा नविनतम वैकल्पिक यातायात पूर्वाधार तथा प्रणालीहरुको अध्ययन तथा विकास गरी स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्दै आयातलाई न्यूनीकरण गर्दै जाने,
- लगानीका वैकल्पिक स्रोतको खोजि तथा प्रतिफलको र जोखिमको मुल्याङ्कन गरी न्यायोचित वितरण हुन सक्ने उपयुक्त खरिद विधिको प्रयोग गर्दै यातायात पूर्वाधार क्षेत्रमा सरकारी कोषमाथिको व्ययभार कम गर्ने,
- संस्थागत क्षमता अभिवृद्धिको लागि नयाँ सिप र प्रविधिको विकास गर्ने,
- वातावरणमैत्री विकास गर्दै गुणस्तरिय, सुरक्षित र आधुनिक आवासको विकास गर्ने,
- सरकारी भवनको डिजाइन, निर्माण, प्रयोग, मर्मत सम्भारमा एकद्वार प्रणाली लागू गर्दै भवन तथा शहरी नीतिलाई क्रमशः कार्यान्वयनमा ल्याउने,
- आवासको वर्गीकरण (स्थायी, संयुक्त, मिश्रित, भाडाको, अस्थायी),
- जोखिममा आधारित भू-उपयोग योजना तयार गरी सुरक्षित र एकिकृत बस्ति विकास गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | ४१६१३१ | २५१८४७१७ | ० | २५६००८४८ | ४४९४२१ | २७१९९४९४ | ० | २७६४८९१६ | ४८५३७५ | २९३७५४५४ | ० | २९८६०८२९ |
| ३३७०००११ भौतिक पूर्वाधार विकास मन्त्रालय | ८२४४६ | १८२४०० | ० | २६४८४६ | ८९०४२ | १९६९९२ | ० | २८६०३४ | ९६१६५ | २१२७५१ | ० | ३०८९१६ |
| ३३७०००१५ प्रादेशिक लोकमार्ग | ० | १२३२९८८ | ० | १२३२९८८ | ० | १३३१६२७ | ० | १३३१६२७ | ० | १४३८१५७ | ० | १४३८१५७ |
| ३३७०००१६ प्रादेशिक मार्ग | ० | ५०८९२८८ | ० | ५०८९२८८ | ० | ५४९६४३१ | ० | ५४९६४३१ | ० | ५९३६१४६ | ० | ५९३६१४६ |
| ३३७०००१७ शहरी तथा स्थानीय सडक | ० | १००००९७१ | ० | १००००९७१ | ० | १०८०१०४९ | ० | १०८०१०४९ | ० | ११६६५१३३ | ० | ११६६५१३३ |
| ३३७०००१८ प्रादेशिक सडकपुल तथा झोलुङ्गेपुल | ० | २४९३८६४ | ० | २४९३८६४ | ० | २६९३३७३ | ० | २६९३३७३ | ० | २९०८८४३ | ० | २९०८८४३ |
| ३३७०००१९ सडक मर्मत सम्भार, सुरक्षा तथा अन्य पूर्वाधार | ० | ४४४६०८ | ० | ४४४६०८ | ० | ४८०१७६.६ | ० | ४८०१७७ | ० | ५१८५९१ | ० | ५१८५९१ |
| ३३७००१२१ मुख्यमन्त्री विपन्न आवास कार्यक्रम | ० | २००००० | ० | २००००० | ० | २१६००० | ० | २१६००० | ० | २३३२८० | ० | २३३२८० |
| ३३७०१०११ यातायात पूर्वाधार निर्देशनालय | ५२८६७ | ६०९५३२ | ० | ६६२३९९ | ५७०९६ | ६५८२९४.६ | ० | ७१५३९१ | ६१६६४ | ७१०९५८ | ० | ७७२६२२ |
| ३३७०१०१२ पूर्वाधार विकास कार्यालयहरु | २०४७१८ | १६८४५० | ० | ३७३१६८ | २२१०९५ | १८१९२६ | ० | ४०३०२१ | २३८७८३ | १९६४८० | ० | ४३५२६३ |
| ३३७०४०११ शहरी विकास तथा भवन कार्यालयहरु | ६८१०० | ३४९९७१६ | ० | ३५६७८१६ | ७३५४८ | ३७७९६९३ | ० | ३८५३२४१ | ७९४३२ | ४०८२०६९ | ० | ४१६१५०१ |

| मन्त्रालय / बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३३७९११३९ आवास व्यवस्था कार्यक्रम(संघ शसर्त अनुदान) | ० | १०००० | ० | १०००० | ० | १०८०० | ० | १०८०० | ० | ११६६४ | ० | ११६६४ |
| ३३७९११४० झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ६००० | ० | ६००० | ० | ६४८० | ० | ६४८० | ० | ६९९८ | ० | ६९९८ |
| ३३७९११४१ स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ शसर्त अनुदान) | ० | ६०५०० | ० | ६०५०० | ० | ६५३४० | ० | ६५३४० | ० | ७०५६७ | ० | ७०५६७ |
| ३३७९११४२ बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ४१०००० | ० | ४१०००० | ० | ४४२८०० | ० | ४४२८०० | ० | ४७८२२४ | ० | ४७८२२४ |
| ३३७९११४५ ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ(संघ शसर्त अनुदान) | ८००० | ७७६४०० | ० | ७८४४०० | ८६४० | ८३८५१२ | ० | ८४७१५२ | ९३३१ | ९०५५९३ | ० | ९१४९२४ |

# ११. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

**पृष्ठभूमिः**

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको संघीय शासन प्रणाली अन्तर्गत प्रदेश तहमा स्वास्थ्य तथा सामाजिक क्षेत्रका कार्यहरूको एकीकृत र प्रभावकारी सम्पादनका लागि बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार साविकको स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई एकीकरण गरी **स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**को गठन गरिएको हो। नेपालको संविधानको अनुसूची ६ र कार्यविस्तृतीकरण प्रतिवेदनले निर्दिष्ट गरेबमोजिम प्रदेश तहमा स्वास्थ्य, शिक्षा, मानव स्रोत विकास र सामाजिक संरक्षण जस्ता संवेदनशील एवं जनसरोकारका बहुआयामिक विषय क्षेत्रहरू यस मन्त्रालयको कार्यक्षेत्र भित्र समेटिएका छन्। मन्त्रालयले आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको सुदृढीकरण गर्नुका साथै गुणस्तरीय शिक्षा, खेलकुद, युवा सशक्तिकरण, विज्ञान तथा प्रविधिको विकास र लक्षित वर्गहरूको सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत रूपमा अगाडि बढाउने नीतिगत तथा संरचनागत जिम्मेवारी वहन गर्दै आएको छ।

मन्त्रालयले जनस्वास्थ्यको क्षेत्रमा अत्यावश्यक औषधि तथा स्वास्थ्य सामग्रीहरूको खरिद एवं दिगो आपूर्ति व्यवस्थापन, स्वास्थ्य प्रविधिको परिचालन, सूक्ष्मजैविक प्रतिरोध न्यूनीकरण, र निश्चित जनस्वास्थ्य समस्याहरूको निगरानी गर्दै आएको छ। राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य संस्थाहरूको अनुमति, नवीकरण, सञ्चालन, अनुगमन तथा नियमन गर्ने र स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका प्रादेशिक मापदण्ड कार्यान्वयन गर्ने कार्य मन्त्रालयको मुख्य प्रशासनिक दायित्व भित्र पर्दछन्। यसका साथै, एलोप्याथिक चिकित्सासँगै आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथी र प्राकृतिक चिकित्सा जस्ता परम्परागत उपचार पद्धतिहरूको विकास एवं नियमन र सूर्ति, मदिरा तथा लागूऔषधको नियन्त्रणका लागि मन्त्रालय क्रियाशील छ। आपतकालीन अवस्था, महामारी तथा प्राकृतिक विपद् व्यवस्थापनका लागि औषधिहरूको बफरस्टक व्यवस्थापन र आकस्मिक स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनुका साथै जनसङ्ख्या, बसाइसराइ र परिवार योजनासम्बन्धी प्रादेशिक नीति, कानून, अध्ययन-अनुसन्धान र एकीकृत सूचना प्रणालीको स्थापना यस मन्त्रालयको प्राथमिकतामा रहेका छन्।

अर्कोतर्फ, सामाजिक विकासको बृहत् आयाम अन्तर्गत नागरिकलाई सर्वसुलभ र गुणस्तरीय शिक्षा उपलब्ध गराउन विद्यालय तथा उच्च शिक्षाको सबलीकरण, प्राविधिक एवं सीपमूलक तालिमको विस्तार, र विज्ञान एवं प्रविधिको क्षेत्रमा खोज, अनुसन्धान र नवप्रवर्तनमा जोड दिने कार्यक्षेत्र यसै मन्त्रालयमा

समाहित छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा र सीमान्तकृत वर्ग एवं समुदायको हक-अधिकारको संरक्षण, सामाजिक सुरक्षा कार्यक्रमहरूको व्यवस्थापन तथा गरिबी निवारणका लागि लक्षित वर्ग केन्द्रित कार्यक्रमहरू यस मन्त्रालयले सञ्चालन गर्दै आएको छ। अपाङ्गता भएका र असक्त नागरिकहरूका लागि समान व्यवहार, पहुँचयुक्त पूर्वाधार र विशेष सुविधाको सुनिश्चितता गर्दै खेलकुद क्षेत्रको पूर्वाधार विकास र खेलाडीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यलाई समेत मन्त्रालयले उत्तिकै महत्त्व दिएको छ। अतः उपलब्ध साधन, स्रोत र प्रविधिको कुशल विनियोजन, स्थानीय र सङ्घीय सरकारसँगको समन्वय तथा स्वास्थ्य र सामाजिक क्षेत्रका नवीन चुनौतीहरूको सम्बोधन गर्दै बागमती प्रदेशमा एक सबल, स्वस्थ, शिक्षित र समतामूलक समाजको निर्माण गरी प्रादेशिक सुशासन र दिगो आर्थिक समृद्धिको ठोस जग तयार गर्नु नै यस मन्त्रालयको मुख्य ध्येय रहेको छ।

**सोचः**

- "स्वस्थ, शिक्षित र शसक्त नागरिकसहितको समतामूलक, समावेशी र समुन्नत बागमती प्रदेश"

**लक्ष्यः**

- प्रदेशबासी सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा, आकस्मिक उपचार र औषधीमा समतामूलक पहुँच सुनिश्चित गर्ने।
- सरुवा तथा नसर्ने रोगहरूको प्रभावकारी निगरानी, रोकथाम र नियन्त्रणमार्फत स्वस्थ जीवनको प्रत्याभूति गर्ने।
- सबै नागरिकलाई सर्वसुलभ र गुणस्तरीय शिक्षा र सीप विकासको अवसर प्रदान गर्ने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, र सीमान्तकृत समुदायको हक अधिकार संरक्षण र सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने।
- रोजगारी एवम् स्वरोजगारीका लागि सिपमुलक तालिमको विस्तार गर्ने।
- उद्यमशीलता र खेलकुद मार्फत राष्ट्र निर्माणमा युवाहरुको योगदान वृद्धि गर्ने।

**उद्देश्यः**

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने।
- गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने।
- स्वास्थ्यमा लगानी अभिवृद्धि गर्ने।
- स्वास्थ्य सेवा प्रवाहमा बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी गर्ने।

- पारदर्शी, जवाफदेही, उत्तरदायी, नागरिकमैत्री, उत्थानशील स्वास्थ्य प्रणालीको विकास गर्ने।
- महामारी र आकस्मिक स्वास्थ्य सेवाको पूर्वतयारी र व्यवस्थापन गर्ने।
- गुणस्तरीय शिक्षामा सवैको पहुँच स्थापित गर्ने
- शिक्षालाइ उद्यम तथा रोजगारीसँग प्रत्यक्ष जोडिने वनाउने
- बजारको माग अनुरुप उच्च शिक्षालाइ अनुसन्धानमा आधारित र गुणस्तरीय वनाउने
- सामाजिक समावेशीता प्रबर्द्धन गर्ने
- सीपमूलक तालिम, युवा रोजगार प्रवर्द्धन, खेलकुद विकास, गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्ने।
- युवा उद्यमशीलता, युवामा नेतृत्व विकास, नीति निर्माण र विकासमा सहभागिता वृद्धि गर्ने,
- खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने।

**रणनीतिः**

- निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको उपलब्धताको सुनिश्चितता गर्ने,
- स्थानीय तहको सहकार्यमा स्वास्थ्य सेवा एवं संस्थाको सुदृढीकरण गर्ने,
- विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवाको सुदृढीकरण गरी समतामुलक पहुँच र उपयोगलाई विस्तार गर्ने,
- गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेशको जनसंख्या, भूगोल तथा स्वास्थ्य समस्या अनुरुप दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन र व्यवस्थापन गर्ने,
- प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (प्यालियटिभ) स्वास्थ्य सेवालाई स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप विकास तथा विस्तार गर्ने,
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न समयानुकुल स्वास्थ्य पूर्वाधार विकास गरी स्वास्थ्य संस्था र सेवालाई प्रविधि मैत्री बनाउने,
- मानसिक रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं उपचारको व्यवस्था मिलाउने,
- नसर्ने रोगको प्राथमिकताका साथ रोकथाम, नियन्त्रण एवं उपचारको व्यवस्था मिलाउने,
- गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरी पोषण अवस्थाको सुधार गर्ने,
- आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथि, युनानी, आम्ची तथा अन्य वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र विस्तार गर्दै लग्ने,
- स्वास्थ्य सेवाको उपभोगमा हुने व्यक्तिगत व्ययभारलाई कम गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा सहज र सुलभ रुपमा प्रदान गर्ने व्यवस्था मिलाईनेछ,

- सबै नीतिमा स्वास्थ्य अवधारणा कार्यान्वयन गरी रोग रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्यका सामाजिक निर्धारकको सम्वोधन गरिनेछ,
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैर सरकारी, सहकारी, सामुदायिक र निजी क्षेत्रसँग बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी गर्ने,
- प्रदेशको अर्थतन्त्रलाई योगदान पुग्ने गरी बहुपक्षीय समन्वय र सहकार्यमा स्वास्थ्य पर्यटनको अवधारणालाई अवलम्बन गर्ने,
- कार्यस्थलमा काम गर्ने स्वास्थ्यकर्मी, श्रमिक र कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरिनेछ,
- स्वास्थ्य प्रणालीमा सुशासन कायम गरी स्वास्थ्य सेवालाई थप उत्तरदायी तथा जवाफदेही बनाइनेछ,
- स्वास्थ्य क्षेत्रमा अनुगमन, मूल्याङ्कन र अनुसन्धान पद्धतिको विकास र प्रवर्द्धन गर्ने,
- स्वास्थ्य सेवामा विद्युतीकरण (डिजिटलाइजेसन) र नवप्रवर्तक प्रविधिहरु (इन्नोभेटिभ टेक्नोलोजिज) को विकास, विस्तार र नियमन गर्ने,
- जनस्वास्थ्य विपद् तथा प्रकोपको पूर्व तयारी, रोकथाम, न्यूनीकरण, नियन्त्रण गरी प्रभावकारी व्यवस्थापन गर्ने,
- किटजन्य, पशुपंछिजन्य लगायतका सरुवा रोगहरुको रोकथाम, निवारण र नियन्त्रण गर्ने,
- गुणस्तरीय, व्यावहारिक तथा प्रविधिमैत्री विद्यालय र उच्च शिक्षाको विकास गर्ने तथा श्रम बजार अनुकूलको सीपमूलक तालिम प्रदान गर्ने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, र सीमान्तकृत समुदायको हक अधिकार संरक्षण र सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने।
- सन्तुलित विकासका लागि स्रोतको न्यायोचित वितरण र प्रतिफलको दीगोपना सुनिश्चित गर्ने।
- संस्थागत सक्षमता तथा जनशक्ति क्षमता विकास गरी आयोजना प्रभाव विश्लेषण तथा मूल्यांकन गर्ने।
- सङ्घीय र स्थानीय सरकार तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने।
- अल्पसङ्ख्यक, सिमान्तकृत, दलित, महिला र पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइ कार्यक्रमहरुको छनोट तथा सेवा प्रवाहमा जोड दिने।
- कार्यसम्पादन ढाँचा एवम् नतिजा खाकासहितको कार्ययोजना तथा अनुगमन योजना बनाइ कार्यक्रम कार्यान्वयन गर्ने।
- युवा शक्तिलाई खेलकुद र उद्यमशीलतामा आबद्ध गर्ने र विज्ञान तथा प्रविधिको क्षेत्रमा प्रादेशिक खोज र अनुसन्धानलाई प्रोत्साहन गर्ने।

## त्रिवर्षीय खर्च विवरण

(रु.हजारमा)

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३७० स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ७०६६९५० | १९९३२८९ | ० | ९०६०२३९ | ७६३२३०६ | २१५२७५२ | ० | ९७८५०५८ | ८२४२८९० | २३२४९७२ | ० | १०५६७८६३ |
| ३७०००००१२ आयुर्वेद औषधी उत्पादन केन्द्र | ३३११२ | १०००० | ० | ४३११२ | ३५७६१ | १०८०० | ० | ४६५६१ | ३८६२२ | ११६६४ | ० | ५०२८६ |
| ३७०००००१३ स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ५४४१११ | ६६३८१० | ० | १२०७९२१ | ५८७६४० | ७१६९१५ | ० | १३०४५५५ | ६३४६५१ | ७७४२६८ | ० | १४०८९१९ |
| ३७००१०११ स्वास्थ्य निर्देशनालाय | ४४०७५ | १००० | ० | ४५०७५ | ४७६०१ | १०८० | ० | ४८६८१ | ५१४०९ | ११६६ | ० | ५२५७५ |
| ३७००१०१२ अस्पताल | ९३४०९७ | २०७०० | ० | ९५४७९७ | १००८८२५ | २२३५६ | ० | १०३११८१ | १०८९५३१ | २४१४४ | ० | १११३६७५ |
| ३७००१०१३ जनस्वास्थ्य कार्यालयहरु | ६५४३१५ | ११९५० | ० | ६६५४६५ | ७०६६६० | १२०४२ | ० | ७१८७०२ | ७६३१९३ | १३००५ | ० | ७७६१९८ |
| ३७००१०१४ आयुर्वेद स्वास्थ्य केन्द्र | २१५५३१ | ९०८० | ० | २२४६११ | २३२७७३ | ९८०६ | ० | २४२५८० | २५१३९५ | १०५९१ | ० | २६१९८६ |
| ३७००२०११ स्वास्थ्य तालिम केन्द्र | ४५००५ | १५०० | ० | ४६५०५ | ४८६०५.४ | १६२० | ० | ५०२२५ | ५२४९४ | १७५० | ० | ५४२४३ |
| ३७००३०११ स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १६०४०९ | ८६८३० | ० | २४७२३९ | १७३२४२ | ९३७७६ | ० | २६७०१८ | १८७१०१ | १०१२७९ | ० | २८८३८० |
| ३७००४०११ जनस्वास्थ्य प्रयोगशाला | ४३४५८ | ६००० | ० | ४९४५८ | ४६९३४.६ | ६४८० | ० | ५३४१५ | ५०६८९ | ६९९८ | ० | ५७६८८ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३७००५०११ प्रतिष्ठान | ३६२८८८ | १५०००० | ० | ५१२८८८ | ३९१९१९ | १६२००० | ० | ५५३९१९ | ४२३२७३ | १७४९६० | ० | ५९८२३३ |
| ३७००७०११ शिक्षा विकास निर्देशनालय | १७१८९६५ | ३०६६८० | ० | २०२५६४५ | १८५६४८२ | ३३१२१४ | ० | २१८७६९७ | २००५००१ | ३५७७१२ | ० | २३६२७१२ |
| ३७००८०११ शिक्षा तालिम केन्द्र | ५०२४४ | ६६०० | ० | ५६८४४ | ५४२६३.५ | ७१२८ | ० | ६१३९२ | ५८६०५ | ७६९८ | ० | ६६३०३ |
| ३७००९०११ प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् | ६६२५३ | ११५० | ० | ६७४०३ | ७१५५३.२ | १२४२ | ० | ७२७९५ | ७७२७७ | १३४१ | ० | ७८६१९ |
| ३७०१००११ बागमती विश्वविद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३७०११०११ प्रदेश खेलकुद विकास परिषद् | २४३६६० | ५६५३८९ | ० | ८०९०४९ | २६३१५३ | ६१०६२० | ० | ८७३७७३ | २८४२०५ | ६५९४७० | ० | ९४३६७५ |
| ३७०९१०११ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) (संघ सशर्त अनुदान) | ८६८४०० | ११९४०० | ० | ९८७८०० | ९३७८७२ | १२८९५२ | ० | १०६६८२४ | १०१२९०२ | १३९२६८ | ० | ११५२१७० |
| ३७०९१०१२ बाल विकास कार्यक्रम (संघ सशर्त अनुदान) | ५०० | ० | ० | ५०० | ५४० | ० | ० | ५४० | ५८३ | ० | ० | ५८३ |
| ३७०९१०१३ राष्ट्रिय परीक्षा बोर्ड (संघ सशर्त अनुदान) | ७२००० | ० | ० | ७२००० | ७७७६० | ० | ० | ७७७६० | ८३९८१ | ० | ० | ८३९८१ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३७०९१०१४ राष्ट्रिय महिला सशक्तिकरण परियोजना (संघ सशर्त अनुदान) | ९५०० | ० | ० | ९५०० | १०२६० | ० | ० | १०२६० | ११०८१ | ० | ० | ११०८१ |
| ३७०९१०१५ लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम (संघ सशर्त अनुदान) | १४०० | ० | ० | १४०० | १५१२ | ० | ० | १५१२ | १६३३ | ० | ० | १६३३ |
| ३७०९१०१६ विद्यालय शिक्षा क्षेत्र-योजन- (प्रदेश तथा स्थानीय तहका लागि) (संघ सशर्त अनुदान) | ८५९०० | २०००० | ० | १०५९०० | ९२७७२ | २१६०० | ० | ११४३७२ | १००१९४ | २३३२८ | ० | १२३५२२ |
| ३७०९१०१७ सामाजिक विकास कार्यक्रम (संघ सशर्त अनुदान) | १९००० | ० | ० | १९००० | २०५२० | ० | ० | २०५२० | २२१६२ | ० | ० | २२१६२ |
| ३७०९१०१८ रोजगार प्रर्वद्धन कार्यक्रम (संघ सशर्त अनुदान) | १२१२७ | ० | ० | १२१२७ | १३०९७.२ | ० | ० | १३०९७ | १४१४५ | ० | ० | १४१४५ |
| ३७०९११२० क्षयरोग नियन्त्रण(संघ शसर्त अनुदान) | २७६०० | ० | ० | २७६०० | २९८०८ | ० | ० | २९८०८ | ३२१९३ | ० | ० | ३२१९३ |
| ३७०९११२१ उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त | ४५६०० | ० | ० | ४५६०० | ४९२४८ | ० | ० | ४९२४८ | ५३१८८ | ० | ० | ५३१८८ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| अनुदान) | | | | | | | | | | | | |
| ३७०९११२२ नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कयिक्रम(संघ शसर्त अनुदान) | ५७७०० | ० | ० | ५७७०० | ६२३१६ | ० | ० | ६२३१६ | ६७३०१ | ० | ० | ६७३०१ |
| ३७०९११२३ स्वास्थ्य व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ३२५०० | ० | ० | ३२५०० | ३५१०० | ० | ० | ३५१०० | ३७९०८ | ० | ० | ३७९०८ |
| ३७०९११२४ अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ४१०० | ० | ० | ४१०० | ४४२८ | ० | ० | ४४२८ | ४७८२ | ० | ० | ४७८२ |
| ३७०९११२५ आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | २८२०० | ० | ० | २८२०० | ३०४५६ | ० | ० | ३०४५६ | ३२८९२ | ० | ० | ३२८९२ |
| ३७०९११२६ महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान) | ३५३०० | ० | ० | ३५३०० | ३८१२४ | ० | ० | ३८१२४ | ४११७४ | ० | ० | ४११७४ |
| ३७०९११२७ राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ शसर्त अनुदान) | ८२०० | ० | ० | ८२०० | ८८५६ | ० | ० | ८८५६ | ९५६४ | ० | ० | ९५६४ |

| बजेट उपशीर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३७०९११२८ परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | ३६०६०० | ० | ० | ३६०६०० | ३८९४४८ | ० | ० | ३८९४४८ | ४२०६०४ | ० | ० | ४२०६०४ |
| ३७०९११२९ एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान) | १२६०० | ० | ० | १२६०० | १३६०८ | ० | ० | १३६०८ | १४६९७ | ० | ० | १४६९७ |
| ३७०९११३० राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (संघ शसर्त अनुदान) | ४१०० | ० | ० | ४१०० | ४४२८ | ० | ० | ४४२८ | ४७८२ | ० | ० | ४७८२ |
| ३७०९११३४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ शसर्त अनुदान) | २६५५०० | १४००० | ० | २७९५०० | २८६७४० | १५१२० | ० | ३०१८६० | ३०९६७९ | १६३३० | ० | ३२६००९ |

# १२. प्रदेश नीति तथा योजना आयोग

## पृष्ठभूमिः

प्रदेशको समृद्धि एवम् सन्तुलित र दिगो विकासको कार्यलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टिकृत निकायका रूपमा प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेश नीति तथा योजना आयोग गठन भएको हो। दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा, आयोजनाहरूको प्रभावकारितामा वृद्धि गर्नका लागि नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन, नीतिगत अध्ययन अनुसन्धान र तहगत समन्वय मार्फत् प्रदेश सरकारलाई सहयोग गर्नु आयोगका प्रमुख कार्यहरू हुन्।

## सोचः

- योजनावद्ध विकासको माध्यमबाट उपलब्ध स्रोत, साधन, अवसर र सम्भावनाहरूको अधिकतम उपयोग गरी बागमती प्रदेशको रुपान्तरण गर्दै आर्थिक समृद्धि र समतामूलक समाजको प्रदेशको निर्माण।

## लक्ष्यः

- नीति र योजनाका हरेक श्रृङ्खलाहरू यथार्थपरक, अन्तर सम्बन्धित, व्यवहारिक भई लक्ष्य र प्रगति बिचमा सामञ्जस्यता कायम गरी सुशासन अभिवृद्धि गर्दै समृद्ध तथा समतामूलक प्रदेश निर्माण गर्ने।

## उद्देश्यहरूः

- प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- अध्ययन, अनुसन्धान र तथ्यमा आधारित योजना, नीति र कार्यक्रम तय गर्ने प्रणालीको विकास गर्ने,
- आवधिक योजना, कार्यक्रम तथा आयोजनाका लक्ष्यहरू हासिल गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने।
- तीन तहको सरकार, अन्तरप्रदेश, विकास साझेदार र संघ संस्थाहरूबिचको तहगत समन्वयलाई प्रभावकारी बनाउने।

**रणनीतिः**

- योजना आयोगलाई सबल तथा गतिशील बनाउने।
- भरपर्दो तथा अद्यावधिक तथ्याङ्क प्रणालीको विकास गर्ने।
- अनुसन्धानका नतिजा तथा तथ्याङ्कमा आधारित रही योजना तथा नीति तर्जुमा र कार्यक्रम तय गर्ने प्रणाली स्थापित गर्ने।
- मन्त्रालयहरूमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने।

**त्रिवर्षीय खर्चको विवरण** (रु. हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ३९१ प्रदेश नीति तथा योजना आयोग | ३०४४७ | २९०२ | ० | ३३३४९ | ३२८८३ | ३१३४.२ | ० | ३६०१७ | ३५५१३.४ | ३३८४.८९ | ० | ३८८९८ |
| ३९१०००११ प्रदेश नीति तथा योजना आयोग | ३०४४७ | २९०२ | ० | ३३३४९ | ३२८८३ | ३१३४.२ | ० | ३१३४.२ | ३५५१३.४ | ३३८४.८९ | ० | ३८८९८ |

# १३. कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा

प्रदेश निजामती सेवाबाट निवृत्त कर्मचारीहरूलाई निवृत्तभरण, उपदान, सञ्चित बिदाको रकम, मृत कर्मचारी सहायता, कर्मचारी सुविधा, औषधी उपचार, लगायत अन्य विविध सुविधा तथा कार्यका लागि आवश्यक रकम कर्मचारी सुविधा तथा सेवा निवृत सुविधामा विनियोजन गरिन्छ।

**त्रिवर्षीय खर्चको विवरण** (रु. हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ६०१ कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा | १०००० | ० | ० | १०००० | १०८०० | ० | ० | १०८०० | ११६६४ | ० | ० | ११६६४ |
| ६०१०००१५ कर्मचारी सुविधा | १०००० | ० | ० | १०००० | १०८०० | ० | ० | १०८०० | ११६६४ | ० | ० | ११६६४ |

# १४. अर्थ विविध

नियमित तथा आकस्मिक रुपमा सिर्जना हुने दायित्व व्यवस्थापनका लागि चालु, पुँजीगत, अनुदान इत्यादि शीर्षकमा अर्थ विविधमा विनियोजन गरिएको हुन्छ। विनियोजित रकम बजेट उपशीर्षक ६०२०००११ र ६०२०००१२ भित्र अलग अलग क्रियाकलापको रुपमा विनियोजन गरिन्छ। आर्थिक वर्षको प्रारम्भमा उपयुक्त रकमको अख्तियारी दिने र विनियोजित बजेटबाट अपुग भएमा कारण सहित थप निकासा माग भएमा कोषको अवस्था हेरी आर्थिक मामिला तथा योजना मन्त्रालयले थप निकासा दिन सक्नेछ।

**त्रिवर्षीय खर्चको विवरण** (रु. हजारमा)

| बजेट उपशिर्षक | पहिलो वर्ष (२०८३/८४) | | | | दोस्रो वर्ष (२०८४/८५) | | | | तेस्रो वर्ष (२०८५/८६) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| ६०२ अर्थ - विविध | १४१०००० | ९२२३१६ | ० | २३३२३१६ | १५२२८०० | ९९६१०१ | ० | २५१८९०१ | १६४४६२४ | १०७५७८९ | ० | २७२०४१३ |
| ६०२०००११ भैपरी आउने - साधारण प्रशासन | १२१०००० | ० | ० | १२१०००० | १३०६८०० | ० | ० | १३०६८०० | १४११३४४ | ० | ० | १४११३४४ |
| ६०२०००१२ भैपरी आउने - विकास कार्यक्रम | ० | ९२२३१६ | ० | ९२२३१६ | ० | ९९६१०१ | ० | ९९६१०१.३ | ० | १०७५७८९ | ० | १०७५७८९ |
| ६०२००१०१ स्वरोजगार व्यवसाय कर्जा ब्याज कार्यक्रम | २००००० | ० | ० | २००००० | २१६००० | ० | ० | २१६००० | २३३२८० | ० | ० | २३३२८० |

# १५. निष्कर्षः

राष्ट्रिय सोह्रौं योजना तथा वागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएका सोच, लक्ष्य र उद्देश्यलाई आत्मसात् गर्दै समन्यायिक आर्थिक समृद्धि र नागरिकको जीवनमा गुणात्मक सुधार गर्न एवं निरपेक्ष तथा बहुआयामिक गरिबीको अन्त्य गर्दै नागरिकको परिष्कृत एवम् मर्यादित जीवनयापनको वातावरण सिर्जना र सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गरी न्यायपूर्ण समाजको निर्माण गर्नु निकै चुनौतिपूर्ण रहेको छ।

आगामी आर्थिक बर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजना, बार्षिक विकास कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७७ अनुसार प्रदेश आवधिक योजनाको रणनीतिक स्तम्भको आधारमा भएको बजेट विनियोजनको साराँश, प्राथमिकताक्रम अनुसार पहिलो प्राथमिकता र दोश्रो प्राथमिकतामा विनियोजित बजेटको साराँश, लैङ्गिक उत्तरदायी बजेट अनुसारको रकम विनियोजनको साराँश, दिगो विकास लक्ष्य अनुसार विभिन्न लक्ष्यहरुमा भएको रकम विनियोजनको साराँश, र जलबायु परिवर्तन बजेट अनुसार भएको रकम विनियोजनको साराँश प्रस्तुत गरिएको छ।

यस प्रदेशमा व्यवस्थित शहरीकरण, एकीकृत एवम् सुरक्षित बस्ती विकास, ग्रामीण पूर्वाधार विकास, स्वच्छ ऊर्जाको उपभोगमा वृद्धि र सूचना प्रविधिको विकास, कृषि र वनजन्य उत्पादनमा व्यावसायीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरमा अभिवृद्धि गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, स्वस्थ र शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारीका अवसर अभिवृद्धि गरी जनसाङ्ख्यिक लाभको उपयोग गर्नु आवश्यक रहेको छ। प्रदेशको समष्टिगत आर्थिक स्थायित्व कायम गर्न साधन-स्रोतको लागत अनुमान, वितरण र जनशक्ति एवम् संस्थागत प्रबन्ध, सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्त अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना कोशेढुंगा सावित हुने देखिन्छ।

तीनै तहका सरकार वीचको समन्वय, सहकार्य र सहभागितामा दिगो विकास, समृद्धि र सुशासनका क्षेत्रमा हुने प्रतिस्पर्धा भावना आफैंमा अवसरको रुपमा रहेको छ। प्रदेश सरकारवाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणबाट पुँजीगत खर्चबाट स्थानीय तहका विकासका क्रियाकलापमा सहयोग पुग्ने, खर्चको उचित परिचालनबाट विकास कार्यको गुणस्तर अभिवृद्धि भई सार्वजनिक सेवा प्रवाहमा सुधार, स्थानीय अर्थतन्त्रको विकासबाट रोजगारी सिर्जना, आय-आर्जनमा बृद्धि भई गरीबी न्यूनीकरण एवम् राष्ट्रिय उत्पादनमा समेत बढोत्तरी भई समग्र जनताको जीवनस्तरमा सुधार आएको छ।

# अनुसूचीहरु

## अनुसूची-१: जलवायु परिवर्तन बजेट अनुसारको व्यय अनुमान

| आर्थिक वर्ष २०८३/८४ | | | | (रु.हजारमा) |
|---|---|---|---|---|
| निकाय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
| २०२ प्रदेश व्यवस्थापिका | ० | ० | ३३,४१,८२ | ३३,४१,८२ |
| २१० प्रदेश लोक सेवा आयोग | ० | ० | १०,३२,२४ | १०,३२,२४ |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | २,१६,९१ | २,१६,९१ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ० | ० | ६१,१८,५९ | ६१,१८,५९ |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | १८,२६,४७ | १८,२६,४७ |
| ३०७ उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय | ० | ० | ५,३७,५५,७४ | ५,३७,५५,७४ |
| ३१२ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | ४४,३७,८८ | २९,१३,७५ | ५,९८,२५,६१ | ६,७१,७७,२४ |
| ३१३ खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | १,१४,११,०० | ३,४६,९४,६५ | ४,२९,५६,२० | ८,९०,६१,८५ |
| ३१४ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ० | ० | ७२,७७,५७ | ७२,७७,५७ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | ० | १,४६,९२,४६ | २४,१३,१६,०२ | २५,६०,०८,४८ |
| ३७० स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ० | २२,४६,११ | ८,८३,५६,२८ | ९,०६,०२,३९ |
| ३९१ प्रदेश नीति तथा योजना आयोग | ० | ३,३३,४९ | ० | ३,३३,४९ |
| ६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ० | ० | १,००,०० | १,००,०० |
| ६०२ अर्थ - विविध | ० | ० | २,३३,२३,१६ | २,३३,२३,१६ |
| ८०१ स्थानीय तह | ० | ६,९१,५७,३८ | ० | ६,९१,५७,३८ |
| **जम्मा खर्च** | **१,५८,४८,८८** | **१२,४०,३७,८४** | **५२,९४,४६,६१** | **६६,९३,३३,३३** |
| | | | | |
| **संकेत** | **जलवायु परिवर्तन बजेट** | **रकम** | **प्रतिशत** | |
| १ | प्रत्यक्ष लाभ | १५८४८८८ | २.३७ | |
| २ | अप्रत्यक्ष लाभ | १२४०३७८४ | १८.५३ | |
| ३ | तटस्थ | ५२९४४६६१ | ७९.१ | |

## अनुसूची-२: दिगो विकास लक्ष्य संकेतका आधारमा विनियोजित रकम

| आर्थिक वर्ष २०८३/८४ | | | |
|---|---|---|---|
| दिगो विकास संकेत | दिगो विकास लक्ष्य | रकम (रु.हजारमा) | प्रतिशतमा |
| ० | सांकेतीकरण नगरिएको | २७४४५३२० | ४१ |
| १ | गरिबीको अन्त्य | २००००० | ०.३ |
| २ | शून्य भोकमरी | १४२४१९९ | २.१३ |
| ३ | स्वस्थ जीवन | ३४१८३६२ | ५.११ |
| ४ | गुणस्तरीय शिक्षा | ११६५७०० | १.७४ |
| ५ | लैङ्गिक समानता | १०९०० | ०.०२ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ११४३९१९ | १.७१ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ३७९७९३ | ०.५७ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | १४५४७०१ | २.१७ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ४७१०९९० | ७.०४ |
| ११ | दिगो शहर र वस्तीहरू | १९६४४७१९ | २९.३५ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ४२७७३५ | ०.६४ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ५४६८०५ | ०.८२ |
| १५ | भूसतह स्रोतको उपयोग | २३८५६७६ | ३.५६ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | २४४३०१४ | ३.६५ |
| १७ | दिगो विकासका लागि साझेदारी | १३१५०० | ०.२ |
| कुल जम्मा | | ६६,९३,३३,३३ | १०० |

## अनुसूची-३: लैंगिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान

| आर्थिक वर्ष २०८३/८४ | | | | (रु.हजारमा) |
|---|---|---|---|---|
| निकाय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
| २०२ प्रदेश व्यवस्थापिका | ० | ० | ३३४१८२ | ३३४१८२ |
| २१० प्रदेश लोक सेवा आयोग | ० | ० | १०३२२४ | १०३२२४ |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | ० | ० | २१६९१ | २१६९१ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३१५०० | ० | ४८०३५९ | ६११८५९ |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | ० | ० | १८२६४७ | १८२६४७ |
| ३०७ उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय | ० | ० | ५३७५५७४ | ५३७५५७४ |
| ३१२ कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय | ५१३५६२ | ३७५६८१ | ५८२८४८१ | ६७१७७२४ |
| ३१३ खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ४११९३०१ | २६६२७७ | ४५२०६०७ | ८९०६१८५ |
| ३१४ आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ० | ० | ७२७७५७ | ७२७७५७ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | ७९४४०० | १४०३७४५ | २३४०२७०३ | २५६००८४८ |
| ३७० स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ४८४७६०० | १००४१५२ | ३२०८४८७ | ९०६०२३९ |
| ३९१ प्रदेश नीति तथा योजना आयोग | ० | ३३३४९ | ० | ३३३४९ |
| ६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ० | ० | १०००० | १०००० |
| ६०२ अर्थ - विविध | ० | ० | २३३२३१६ | २३३२३१६ |
| ८०१ स्थानीय तह | ६९१५७३८ | ० | ० | ६९१५७३८ |
| **जम्मा खर्च** | **१७,३२,२१,०१** | **३,०८,३२,०४** | **४६,५२,८०,२८** | **६६,९३,३३,३३** |
| | | | | |
| **संकेत** | **लैंगिक उत्तरदायी बजेट** | **रकम** | **प्रतिशत** | |
| १ | प्रत्यक्ष लाभ | १७३२२१०१ | २५.८८ | |
| २ | अप्रत्यक्ष लाभ | ३०८३२०४ | ४.६१ | |
| ३ | तटस्थ | ४६५२८०२८ | ६९.५१ | |

बागमती प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, नेपाल

फोन नं:- ०५७-५२७५१८/५२७५२०

**Email:- moeap@bagamati.gov.np**

**Web :- https://moeap.bagamati.gov.np**